# राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठकको प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार

पुस, २०७४

# विषय - सूची


१. राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ पुस २१ मा बसेको ४१ औं बैठकले गरेका निर्णयहरु............१

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठकको संक्षिप्त प्रतिवेदन............................................३

३. आ.व. २०७४/७५ को प्रथम चौमासिकको प्रगति स्थिति........................................................................६

४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को प्रथम चौमासिकको प्रगति ....................................१०

५. पुनर्निर्माणसम्वन्धी प्रगति स्थिति.........................................................................................१९

६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४० औं वैठकका निर्णयहरुको प्रगति स्थिति.............................. २०

७. विभिन्न मन्त्रालयहरुवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरु.............२६

८. आयोजनाहरुको स्थलगत निरीक्षण...........................................................................................३२

९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक विवरण........................................................३६

## १. राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ पुस २१ मा बसेको ४१ औं बैठकले गरेका निर्णयहरु

१. मन्त्रालयहरुबाट स्थानीय तहमा हस्तान्तरित कामका विषयमा आ-आफ्नो बिषयगत क्षेत्रमा आवश्यकता अनुसार शाखागत कार्य जिम्मेवारी, नमूना कानून, मापदण्ड तथा कार्यविधि तयार गरी सबै गाउँपालिका तथा नगरपालिकालाई २०७४ माघ मसान्तभित्रमा उपलब्ध गराउनुका साथै सो सम्बन्धमा अभिमुखीकरण गराउने ।

२. स्थानीय तहले प्राप्त अनुदान रकमबाट विषयगत क्षेत्रका कार्यक्रम संचालनका लागि गरेको बाँडफाँट, कार्यान्वयनसम्बन्धी व्यबस्था, कार्यरत जनशक्ति तथा तिनीहरुको क्षमता, सेवा प्रवाहमा रहेका सवालहरु वा ल्याइएका सुधारहरु आदि बिषयमा राष्ट्रिय योजना आयोगको संयोजकत्व तथा अर्थ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संलग्नतामा २०७४ माघ मसान्तभित्र केही स्थानीय तहको अध्ययन गराई आबश्यक नीतिगत व्यबस्थाका लागि सुझाव दिन लगाउने ।

३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अन्य मन्त्रालय तथा विभागसंग समन्वय गरी स्थानीय पूर्वाधारको मापदण्ड तथा पूर्वाधारसम्बन्धी स्पष्ट कार्य जिम्मेवारीको खाका २०७४ माघ मसान्त भित्रमा तयार गर्ने र स्वीकृत न्यूनतम मापदण्ड सबै स्थानीय तहमा उपलव्ध गराउने ।

४. स्थानीय तहमा खटाइएका कर्मचारीहरु सम्बन्धित स्थानमा नगएको वा गएको भए पनि गाउँपालिका तथा नगरपालिकाले त्यस्ता कर्मचारीलाई आफ्नो प्राविधिक विशेषज्ञताको काम नलगाउँदा उनीहरु अभिप्रेरित भइ काममा लाग्न नसकेको भन्ने गुनासो रहेकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सामान्य प्रशासन, संघीय मामिला तथा स्थानीय विकास र अन्य मन्त्रालयवीच समन्वय गराई खटिएको कर्मचारी समयमै जाने व्यबस्था निरन्तर रुपमा गर्ने । यस्ता कर्मचारीहरुलाई आफ्नो पेशा वा प्राविधिक विशेषज्ञताको काममा लगाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहसँग समन्वय गर्ने ।

५. संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन प्रयोजनका लागि सबै मन्त्रालय तथा निकायहरुले आफू मातहतका कर्मचारीहरुको यथार्थ विवरण अद्यावधिक गरी २०७४ पुस मसान्तभित्र सामान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउने ।

६. राष्ट्रिय गौरवका रुपमा रहेको भेरी-बवई डाइभर्सन आयोजनामा उत्साहजनक रुपमा निर्माण कार्य अघि बढिरहेकाले उक्त आयोजना र वबई सिंचाइ आयोजनाका लागि समेत सिंचाइ मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी वजेटको अभाव हुन नदिने ब्यवस्था गर्ने ।

७. गौतम बुद्ध विमानस्थलका लागि थप जमीन अधिग्रहण गर्न मुआब्जा वितरण कार्यमा आयोजना निर्देशक नै संलग्न हुँदा निर्माणमा बाधा अवरोध परेकाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७४ पुस मसान्तभित्र बैकल्पिक ब्यवस्था गरी निर्माण कार्यमा प्रभावकारिता ल्याउने ।

८. निजी आवास पुनर्निर्माणका लागि अनुदान र प्राविधिकहरुको पारिश्रमिक भुक्तानी नगरपालिका र गाउँपालिकाहरुबाटै गराउने गरी अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी राष्ट्रिय पुन:निर्माण प्राधिकरणले २०७४ माघ १५ भित्र आबश्यक ब्यवस्था मिलाउने ।

९. सम्पदा निर्माण तथा पुनर्निर्माणमा ढिलाई भइरहेकाले काठ लगायतका सामग्री पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले वन तथा भू-संरक्षण मन्त्रालय तथा अन्य निकायसँग समन्वय गरी आवश्यक व्यबस्था मिलाउने ।

१० व्यापार सहजीकरणका लागि विश्व बैंकको सहयोगमा निर्माण हुने National single window का सम्बन्धमा समन्वय र सहकार्य गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, बाणिज्य सचिव र अर्थ मन्त्रालयका राजश्व सचिव सदस्य र बाणिज्य मन्त्रालयका सम्बन्धित सहसचिव सदस्य सचिव रहने गरी एक समन्वय समिति गठन गर्ने ।

११. गाउँपालिका तथा नगरपालिकामा तथ्यांक संकलन, आबधिक तथा बार्षिक योजना तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नका लागि आवश्यक जनशक्तिको अल्पकालीन माग परिपूर्ति गर्न स्नातकोत्तर परीक्षा दिइ बसेका वा उत्तीर्ण गरेका युवाहरुलाई राष्ट्रिय योजना आयोगले दुइ महिनाभित्र योजना प्रक्रियासम्बन्धी तालिम दिई राष्ट्रिय विकास स्वयम्सेवक सेवा कार्यक्रम (NDVS) मार्फत स्थानीय तहमा खटाउने ।

## २. राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठकको संक्षिप्त प्रतिवेदन

### २.१ बैठकको संक्षिप्त विवरण

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठक बस्यो । बैठकमा माननीय मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, नेपाल सरकारका मुख्य सचिव, महालेखा परीक्षक, नेपाली सेनाका प्रधान सेनापति, आयोगका माननीय सदस्यहरु र नेपाल सरकारका सचिवहरुको उपस्थिति रहेको थियो ।

### २.२ राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीको संक्षिप्त विवरण :

बैठकमा माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले समष्टिगत आर्थिक सूचकहरु, आ.व. २०७४/७५ को प्रथम चौमासिक बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरबका आयोजनाहरुको प्रगति स्थिति, पुनःनिर्माणसम्बन्धी प्रगति, समितिका विगतका निर्णयको कार्यान्वयन स्थिति तथा समस्याहरु, आयोगबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्दा देखिएका समस्याहरु, र विभिन्न मन्त्रालयहरुबाट निर्णयका लागि प्रस्तावित विषयहरुको सम्बन्धमा प्रस्तुत गर्नु भएको थियो ।

समीक्षा अवधिमा चालू आ.व.२०७४/७५ को प्रथम चौमासिकमा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका आयोजनाहरुको संख्या ८६ (२४.८ प्रतिशत) रहेको पाइयो । त्यस्तै, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या ७७ (२२.३ प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या १४० (४०.४ प्रतिशत) रहेको पाइयो । बाँकी ४३ वटा आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको पाइयो । त्यस्तै, राष्ट्रिय गौरबका विभिन्न २१ वटा आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या ४ (१९.० %), ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ५ (२३.८ प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या १० (४७.६ %) रहेको पाइयो ।

### २.३ सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूले बैठकमा दिनुभएको निर्देशनः

वर्तमान सरकार नेपालको संविधान कार्यान्वयनकालागि महत्वपूर्ण आधारका रुपमा रहेको स्थानीय, प्रदेश र प्रतिनिधि सभा समेत तीनै तहको निर्वाचन निर्दिष्ट समयमा स्वतन्त्र, स्वच्छ र भयरहित रुपमा सम्पन्न गराउन सफल भएको छ । यी निर्वाचनहरु सफल गराउन भूमिका खेल्ने निर्वाचन आयोग, राजनीतिक दलहरु, कर्मचारीतन्त्र, सुरक्षा निकाय, नागरिक समाज, संचारकर्मी र सर्वसाधारण नेपाली जनतालाई म धन्यवाद दिन चाहन्छु । लामो संक्रमणलाई अन्त्य गर्दै नेपालको संविधानको पूर्ण कार्यान्वयनका सन्दर्भमा यो निर्वाचनलाई सरकारले महत्वपूर्ण उपलब्धीका रुपमा लिएको छ । तर, लामो समयसम्म निर्वाचन आचारसंहिताको पालना र सरकारको समग्र संयन्त्र नै कुनै न कुनै रुपमा निर्वाचनसम्बन्धी काममा अल्भिmन परेको कारणले विकास निर्माण कार्यमा अपेक्षाकृत प्रगति हासिल हुन सकेको छैन । अतः चालू आर्थिक बर्षको बाँकी अवधिमा आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै लक्षित उपलब्धी हासिल गर्नेतर्फ सक्रियताका साथ लाग्न म सबै मन्त्रीहरु र सचिवहरुको ध्यानाकर्षण गर्दछु ।

लामो समयसम्म कार्यान्वयन पद्धति प्रष्ट हुन नसकिरहेका काठमाडौं तराइ-मधेश द्रुतमार्गको निर्माण नेपाली सेनामार्फत गराउने र बुढीगण्डकी जलविद्युत आयोजना नेपालको आन्तरिक स्रोतबाटै संचालन गर्ने निर्णय यस सरकारले लिएपछि यी आयोजनाहरुले गति लिएकोमा मलाई सन्तोष छ । यसैगरी सरकारले बिशेष महत्व दिई नियमित अनुगमन गरिरहेका मेलम्ची खानेपानी, माथिल्लो तामाकोशी जलविद्युत, भेरी-बबई डाइभर्सन र पोखरा विमानस्थल लगायतका राष्ट्रिय गौरबका आयोजनाको कार्यान्वयन प्रगति राम्रो नै रहेको छ । तर, पश्चिम सेती आयोजना र बाराको निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले अझै गति लिन

नसकेको देखिएकाले यी आयोजनाहरुका बारेमा चाँडै प्रक्रिया टुंग्याई कार्यान्वयनमा जोड दिन पर्यटन मन्त्रालय र लगानी बोर्डलाई निर्देशन दिन्छु। साथै, राजधानीलाई मुलुकको अन्य भागसँग जोड्ने मुख्य द्वारका रुपमा रहेको मुग्लिन नारायणगढ सडक खण्ड यथाशीघ्र सम्पन्न गराउने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्बद्ध सबैको ध्यानाकर्षण गराउँछु।

स्थानीय तहका जन निर्वाचित प्रतिनिधिले विकास निर्माण र सेवा प्रवाहको नेतृत्व लिइसकेका छन्। तर, प्रशासनिक संगठन संरचना अनुरुप आवश्यक जनशक्ति नभएको एवम् योजना तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा अभिमुखीकरण नहुँदा कतिपय स्थानीय तहले कृषि, पशुपन्छी, महिला विकास तथा सामाजिक सेवामा छुट्याउनु पर्ने वजेट समेत सडक वा अन्य पूर्वाधारमा विनियोजन गरेकोले ती क्षेत्रमा नकारात्मक असर पर्ने स्थिति देखिएको छ। यस स्थितिलाई मनन गर्दा स्थानीय तहलाई आवश्यक जनशक्तिको आपूर्ति र योजना तथा वजेट निर्माणसम्बन्धी क्षमता विकास तथा अभिमुखीकरण गराउनु अत्यावश्यक भएको छ। अतः गाउँपालिका तथा नगरपालिकामा तथ्यांक संकलन र योजना तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक जनशक्तिको अल्पकालीन माग परिपूर्ति गर्न स्नातकोत्तर परीक्षा दिइ बसेका वा उत्तीर्ण गरेका युवाहरुलाई योजना प्रक्रियासम्बन्धी तालिम दिई राष्ट्रिय विकास स्वयम्सेवक सेवा कार्यक्रम (NDVS) मार्फत स्थानीय तहमा खटाउने व्यबस्था मिलाउन म राष्ट्रिय योजना आयोगलाई निर्देशन दिन्छु। यसैगरी, प्रदेश तहमा प्रशासनिक संगठन निर्माण, जनशक्ति व्यबस्थापन र बिधि तथा प्रक्रियाहरु निर्धारण गर्ने कार्यलाई प्राथमिकता दिई प्रादेशिक सरकार संचालनमा सहयोग गर्नका लागि समेत सम्बद्ध सबैको ध्यानाकर्षण गराउँछु।

भूकम्प पछिको पुनर्निर्माणले केही गति लिएको भए पनि निजी आवास, सार्वजनिक भवन र सम्पदाहरुको पुनःनिर्माणतर्फको प्रगतिलाई अझ द्रुत गतिमा अघि बढाउन जरुरी भएकाले राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका पदाधिकारीहरुलाई सम्बद्ध मन्त्रालय र गाउँपालिका तथा नगरपालिकासँगको समन्वय मजबूत बनाउन निर्देशन दिन्छु।

**२.४ छलफलमा उठेका विषयहरु :**

**माननीय स्वास्थ्य मन्त्री**

निर्माणाधिन स्वास्थ्य संस्थाहरुको भवन निर्माणका लागि बजेटको व्यवस्था गर्नुपर्ने, सुर्तिजन्य पदार्थमा स्वास्थ्यसम्बन्धी चेतनामूलक सामग्री छाप्ने विषयमा उद्योग मन्त्रालयसंग समन्वय गर्नुपर्ने र रुपन्देहीमा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) लाई विद्युत उपलब्ध गराउनुपर्ने सुझावहरु दिनुभयो।

**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री**

गौतम बुद्ध विमानस्थल र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बाराको निर्माण कार्यलाई प्रभावकारी र द्रुतरुपमा अगाडि बढाउन अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र वातावरण मन्त्रालय लगायतका सबै सरकारी निकायहरुको सहयोग आवश्यक रहेको विषयमा जोड दिनुभयो। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियति रुपमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्ने विषयमा जोड दिनुभयो।

**माननीय अर्थमन्त्री**

आर्थिक समृद्धि हासिल गर्नका लागि सरकारको भूमिका महत्वपूर्ण हुनुपर्ने, विकास निर्माणका कामहरु सम्पन्न गर्नका लागि मन्त्रीहरु र सचिवहरुले विशेष ध्यान दिनुपर्ने, अनुगमन र मूल्यांकनमा जोड दिनुपर्ने, तोकिएका शिर्षकमा विनियोजित बजेट खर्च नगर्ने तर नयाँ शिर्षकमा बजेट माग गर्ने प्रवृत्तिको अन्त्य गर्ने, विषयगत कार्यालयहरुले स्थानीय सरकारलाई सहयोग गर्नुपर्ने, जग्गा अधिग्रहण गर्ने कार्यलाई जोड दिनुपर्ने सुझावहरु दिनुभयो।

**माननीय उद्योग मन्त्री**

मुलुकमा रोजगार बढाउने र व्यापार घाटा घटाउनका लागि औद्योगिक क्षेत्रको विकास गर्नुपर्ने, औद्योगिक दुर्घटनाबाट बच्नका लागि औद्योगिक क्षेत्र र आवासीय क्षेत्र छुट्याउने, विकास निर्माण कार्य लगायतका विषयहरुमा अनुगमन मूल्यांकन गर्ने, राष्ट्रियस्तरको छुट्टै अनुगमन मूल्यांकन संयन्त्र स्थापना गर्नुपर्ने सुझाव दिनुभयो ।

**माननीय खानेपानी तथा सरसफाई मन्त्री**

मेलम्ची खानेपानी आयोजनाको आयोजनास्थलका जनताहरुलाई लाभको बाँडफाँड गर्नका लागि कुन मोडेल अपनाउने भन्ने बारेमा निर्णय हुनुपर्ने सुझाव दिनुभयो ।

**माननीय वाणिज्य मन्त्री**

व्यापार घाटा घटाउनको लागि उद्योग, कृषि विकास र अर्थ मन्त्रालयबाट समन्वयात्मक सहयोगको आवश्यकता रहेको, राष्ट्रिय उत्पादन बढाउनुपर्ने, लगानी बढाउनुपर्ने, लगानीमैत्री वातावरण तयार गर्नुपर्ने, विद्यमान निर्वाहमुखी कर्मचारीतन्त्रलाई उद्यमशील कर्मचारीतन्त्रमा रुपान्तरण गर्नुपर्ने, वरिगञ्जमा BULK कार्गो अनलोड गर्ने, पूर्वाधार निर्माण गर्नुपर्ने सुझावहरु दिनुभयो ।

**माननीय सिंचाइ मन्त्री**

राष्ट्रिय गौरवका आयोजनालाई राष्ट्रिय अभियानकै रुपमा अगाडि बढाउनुपर्ने, काम नगर्ने विकास समितिहरुलाई पुनःसंरचना गर्नुपर्ने, सिंचाइलाई एकीकृत रुपमा विकास गरी मुलुकले कृषिमा आत्मनिर्भरता हासिल गर्नुपर्ने सुझावहरु दिनुभयो ।

**माननीय युवा तथा खेलकूद मन्त्री**

राष्ट्रिय युवा परिषद् र राष्ट्रिय खेलकूद परिषद्मार्फत लक्षित कार्यक्रम संचालनका लागि बजेटको व्यवस्था हुनुपर्ने, दक्षिण एशियाली खेलकूद संचालनका लागि आवश्यक बजेट विनियोजन हुनुपर्ने र स्थानीय तहहरुले समानीकरण अनुदानबाट युवा तथा खेलकूद क्षेत्रमा रकम विनियोजन नगरेकोले अधुरा आयोजनाहरुमा समस्या परेको हुँदा सशर्त अनुदान दिनेपर्ने विषयमा जोड दिनुभयो।

**माननीय उपाध्यक्ष**

मन्त्रालयहरुबाट प्राप्त समस्याहरुलाई आयोगले उपसमितिको बैठकमा छलफल गरी मुख्य समस्यालाई गम्भीरताकासाथ ग्रहण गरेको, तीमध्ये विभिन्न १० वटा समस्याहरुलाई आयोगले समितिबाट निर्णयका लागि प्रस्ताव गरेको, संघीयता कार्यान्वयनका लागि सहकार्य गरी योजना बनाउनुपर्ने र सोही तरिकाले बजेट विनियोजन हुनुपर्ने बताउनुभयो । साथै, विकास निर्माण कार्यहरुमा रहने गरेको समन्वयका कमजोरीहरु हटाउने र राष्ट्रिय योजना आयोगको पुनःसंरचना गर्नका लागि भएका तयारीहरुका प्राथमिकीकरण र ती आयोजनाहरुले पाउने प्राथमिकताका बारेमा अयोगले विभिन्न मन्त्रालयका प्रतिनिधिहरु संलग्न कार्यदलमार्फत अध्ययन गराई प्रतिवेदन लिइएको र यसलाई कानूनी स्वरुप दिने विषयमा छलफल भइरहेको जानकारी गराउनुभयो ।

## ३. आ.व. २०७४/७५ को प्रथम चौमासिकको प्रगति स्थिति

### ३.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरण

आ.व. २०७४/७५ मा सञ्चालित कूल ४६८ आयोजनाहरुमध्ये क्रमशः पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा ३४६, १०४ र १८ आयोजनाहरु रहेका छन् । यीमध्ये राष्ट्रिय गौरवका आयोजनाहरुको संख्या २१ रहेको छ ।

### ३.२ भौतिक प्रगति

पहिलो प्राथमिकतामा रहेका ३४६ आयोजनाहरुको भौतिक प्रगति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा वढी प्रगति भएका आयोजनाहरुको संख्या : ८६ (२४.८ प्रतिशत)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ७७ (२२.३ प्रतिशत)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या : १४० (४०.४ प्रतिशत)

यी आयोजनाहरुको मन्त्रालयगत विस्तृत विवरण पृष्ठ तीनमा प्रस्तुत गरिएको छ । कूल ४३ (१२.५ प्रतिशत) आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको अवस्था छ ।

### ३.३ वित्तीय प्रगति

आ.व. २०७४/७५ को कूल वजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसारको खर्चस्थिति देहायवमोजिम रहेको छ ।

(रकम रु.करोडमा)

| विवरण | चालू | पूंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कूल वार्षिक वजेट | ८०३५३ | ३३५१७ | १४०२८ | १२७८९८ |
| कूल खर्च | १८४५५ | २१६१ | ७९९ | २१४१५ |
| खर्च प्रतिशत | २२.९ | ६.४ | ५.७ | १६.७ |

### ३.४ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरवका २१ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा वढी प्रगति भएका आयोजनाको संख्या :- ४ (१९.० %)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या :- ५ (२३.८ %)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या :- १० (४७.६ %)
- प्रगति प्राप्त नभएका आयोजना संख्या - २ (पश्चिम सेती जलविद्युत र काठमाण्डौं तराई मधेश द्रुतमार्ग आयोजना), (९.६ प्रतिशत)

**३.५ पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरुको आ.व.२०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति**

| क्र.सं. | मन्त्रालय/निकाय | P1 आयोजना/ कार्यक्रमको संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा वढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका आयोजनाको संख्या |
| १ | कृषि विकास | ३० | १७ | १० | ३ | - |
| २ | पशुपंछी विकास | ११ | २ | ५ | ४ | - |
| ३ | सहकारी तथा गरिवी निवारण | २ | १ | - | १ | - |
| ४ | सिंचाइ | २७ | ११ | ९ | ६ | १ |
| ५ | वन तथा भू-संरक्षण | १४ | ६ | ७ | १ | - |
| ६ | भूमिसुधार तथा व्यवस्था | ६ | १ | ३ | २ | - |
| ७ | भौतिक पूर्वाधार तथा यातायात | ६२ | ४ | ८ | ५० | - |
| ८ | शहरी विकास | १५ | ४ | ३ | ७ | १ |
| ९ | खानेपानी तथा सरसफाई | १८ | ६ | ७ | २ | ३ |
| १० | सूचना तथा सञ्चार | २ | १ | १ | - | - |
| ११ | शान्ति तथा पुनर्निर्माण | २ | - | - | - | २ |
| १२ | उद्योग | १३ | ४ | ३ | ६ | - |
| १३ | ऊर्जा | ३३ | ८ | ७ | १३ | ५ |
| १४ | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन | १० | २ | १ | ५ | २ |
| १५ | वाणिज्य | ३ | - | १ | २ | - |
| १६ | आपूर्ति | १ | १ | - | - | - |
| १७ | श्रम तथा रोजगार | ४ | ३ | - | १ | - |
| १८ | विज्ञान तथा प्रविधि | १ | १ | - | - | - |
| १९ | जनसंख्या तथा वातावरण | ५ | ३ | - | २ | - |
| २० | अर्थ | १४ | ३ | - | ७ | ४ |
| २१ | शिक्षा | ७ | १ | १ | १ | ४ |
| २२ | स्वास्थ्य | १८ | १ | २ | १२ | ३ |
| २३ | महिला, वालवालिका तथा समाजकल्याण | ७ | १ | ३ | ३ | - |
| २४ | संघीय मामिला तथा स्थानीय विकास | २२ | ३ | ३ | ५ | ११ |
| २५ | युवा तथा खेलकूद | २ | - | - | २ | - |
| २६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३ | - | १ | २ | - |
| २७ | गृह | २ | - | - | - | २ |
| २८ | सामान्य प्रशासन मन्त्रालय | १ | १ | - | - | - |
| २९ | राष्ट्रिय योजना आयोगको सचिवालय | २ | - | २ | - | - |
| ३० | संवैधानिक निकायहरू | ६ | १ | - | २ | ३ |
| ३१ | राष्ट्रिय पुननिर्माण प्राधिकरण | १ | - | - | १ | - |
| ३२ | अर्थ मन्त्रालय - विविध | २ | - | - | - | २ |
| | जम्मा | ३४६ | ८६ | ७७ | १४० | ४३ |

## ३.६ मन्त्रालयगत खर्च विवरण (म.ले.नि.का. बाट प्राप्त विवरण  अनुसार)

(खर्च रु. लाखमा)

| क.सं | मन्त्रालय तथा निकाय | वजेट | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | पूँजिगत | चालू | वित्तीय | पूँजिगत | चालू | वित्तीय |
| १ | राष्ट्रपतिको कार्यालय | ३१६ | १२६७ | | १४.९ | ३२.७ | |
| २ | उपराष्ट्रपतिको कार्यालय | ५३ | ३८० | | १३.७ | ३२.१ | |
| ३ | व्यवस्थापिका संसद | ५०० | १६९३५ | | ७.६ | २३.७ | |
| ४ | अदालत | ९६९९ | ४२५१७ | | ६.७ | २४.४ | |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३०९९ | ८६२७ | | १७.५ | २१.१ | |
| ६ | महालेखा परीक्षकको कार्यालय | २१८१ | ४०१९ | | ०.८ | २५.६ | |
| ७ | लोक सेवा आयोग | ६७५ | ६१६१ | | ७.८ | ३२.० | |
| ८ | निर्वाचन  आयोग | ११४४ | ४९४६ | | १०८.५ | २९८.८ | |
| ९ | राष्ट्रिय मानवअधिकार आयोग | ३८ | २००८ | | ३३.१ | २५.० | |
| १० | महान्याधिवक्ताको कार्यालय | २५०२ | ६९१० | | ९.९ | २४.५ | |
| ११ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७२३४२७ | ७७२७९३ | | ३.४ | १४.७ | |
| १२ | अर्थ मन्त्रालय | १९७८५ | १००१६५ | | ४.५ | २२'.८ | |
| १३ | आपूर्ति मन्त्रालय | ७०८ | ९२४० | | ८.० | ७.७ | |
| १४ | उद्योग मन्त्रालय | ४३५८३ | ३८१९६ | | ४.३ | ८.७ | |
| १५ | उर्जा मन्त्रालय | १२८५३९ | १७९७४ | ४६४८० | ०.८ | ३.७ | |
| १६ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ६७ | २१११ | | २४.७ | २१.४ | |
| १७ | कृषि विकास मन्त्रालय | ३७९८० | २०४६३८ | | ५.९ | २३.० | |
| १८ | खानेपानी तथा सरसफाई मन्त्रालय | २१०३३७ | १६७०३ | | ९.९ | २१.८ | |
| १९ | गृह मन्त्रालय | ७४११५ | ४७६८०९ | | ५.१ | ३५.४ | |
| २० | संस्कृति, पर्यटन तथा नागरिक उड्यन | १२२३० | ३८७०२ | | १०.३ | ११.६ | |
| २१ | परराष्ट्र मन्त्रालय | २७५५५ | ३५५०४ | | १.५ | २८.४ | |
| २२ | पशुपंक्षी विकास मन्त्रालय | १७४७६ | ४३८७१ | | ४.४ | १९.९ | |
| २३ | वन तथा भू-संरक्षण मन्त्रालय | ५०२४० | १०३२०३ | | ७.९ | २२.९ | |
| २४ | वाणिज्य मन्त्रालय | १०९३९ | ६९०७ | | १.० | ८.१ | |
| २५ | जनसंख्या तथा वातावरण मन्त्रालय | १७१४९ | ५९३२८ | | ३.७ | ८.१ | |
| २६ | विज्ञान तथा प्रविधि मन्त्रालय | ७६२१ | ४४९८ | | ३.९ | १९.८ | |
| २७ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ११९१८ | ५५०६८ | | ८.४ | १७.२ | |
| २८ | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | ८९५०६६ | ७०५०५ | | ९.८ | २०.६ | |
| २९ | महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय | २०५१ | २०२३२ | | ९.३ | १४.२ | |
| ३० | युवा तथा खेलकुद मन्त्रालय | २८ | २२३९६ | | ४.१ | १७.४ | |
| ३१ | रक्षा मन्त्रालय | ५१६४३ | ३९९२१७ | | १.६ | ३२.८ | |
| ३२ | सहरी विकास मन्त्रालय | २१९१६४ | ८५६६६ | | ७.७ | २८.३ | |
| ३३ | शान्ति तथा पुनःनिर्माण मन्त्रालय | ७७७५ | ९५४९ | | ६.४ | ९.९ | |
| ३४ | शिक्षा मन्त्रालय | ४०७९ | ६५७१६४ | | ७.५ | १४.७ | |
| ३५ | सहकारी तथा गरिवी निवारण मन्त्रालय | ७०७ | १५९८१ | | ३.७ | ६.४ | |
| ३६ | सामान्य प्रशासन मन्त्रालय | ४१० | १०६०५ | | ६.४ | २२.१ | |
| ३७ | सिंचाइ मन्त्रालय | २५५५०६ | १८५५१ | | ८.६ | २६.३ | |
| ३८ | सूचना तथा सञ्चार मन्त्रालय | ५९२८ | ४३८३५ | | ५.१ | २८.९ | |
| ३९ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २९०८५६ | ५२७६८२ | | ३.५ | २१.८ | |
| ४० | स्वास्थ्य मन्त्रालय | ५८९९८ | २५८८१२ | | १५.५ | १३.९ | |
| ४१ | श्रम तथा रोजगार मन्त्रालय | १९५० | ९४७० | | ९.१ | १७.१ | |
| ४२ | योजना तथा तथ्याकं | ७३० | १२३२३ | | ४.१ | १४.६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३ | अर्थ मन्त्रालय - कर्मचारी सुविधा | | ६०८३३० | | | २३.३ | |
| ४४ | अर्थ मन्त्रालय - आन्तरिक ऋण भुक्तानी | | २६२४४५ | २००४७८ | | ११.६ | ९.६ |
| ४५ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी | | ४५५५३ | ३२५५२५ | | ५० | २२.८ |
| ४६ | अर्थ मन्त्रालय - विविध | १४१७३० | ५५१३५४ | ८३०३९० | | ०.४ | |
| ४७ | अर्थ - वित्तीय व्यवस्था | | | ८३०३९० | | | ०.९ |
| | कूल जम्मा | ३३५०४९७ | ५७१०१५० | १४०२८७३ | | | |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को प्रथम चौमासिकको प्रगति

**राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय वमोजिम रहेको छ।**

| क्र.सं. | आयोजना | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) |
|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | ७१.८ | ३०.१ |
| २. | ववई सिंचाइ आयोजना | ९१.५ | ९७.५ |
| ३. | रानीजमरा कूलरीया सिंचाइ आयोजना | ८०.७ | ४९.४ |
| ४. | भेरी ववई डाइभर्सन वहुउद्देश्यीय आयोजना | १३५.४ | २४.५ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ९०.९ | ९२.२ |
| ६. | वुढिगण्डकी जलविद्युत आयोजना | ०.६ | ०.२ |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | प्राप्त नभएको | प्राप्त नभएको |
| ८. | गैातम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | २८.३ | ७.३ |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ५ | ० |
| १०. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, वारा | ० | ० |
| ११. | पशुपति क्षेत्र विकास कोष | २० | ४५.५ |
| १२. | लुम्विनी क्षेत्र विकास कोष | ५३ | ५५ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | ३५ | ३४.८ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | २२ | २१.२ |
| १५. | हुलाकी लोकमार्ग | २५ | ११.६ |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | १५ | १३ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | १२ | ६.६ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ५० | २४ |
| १९. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | - | ०.९ |
| २०. | मेलम्ची खानेपानी आयोजना | ६५.७ | ६३.७ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ५५.३ | ४५.७ |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७४/७५ को प्रथम चौमासिकमा भएका कार्यहरु, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय वमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ।

### १. सिक्टा सिंचाइ आयोजना

वाँके जिल्लाको करिव ४३००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०६२/६३ मा शुरु भई आ.व. ०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा सो अवधिमा सम्पन्न हुन नसकेकाले आ.व. ०७६/७७ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको शुरु लागत अनुमान रु. १२८० करोड रहेकोमा संशोधित लागत अनुमान रु. २५०२ करोड रहेको छ। यस आयोजनाका लागि आ. व. २०७४/७५ मा कूल रु. १५८.७१ करोड विनियोजन गरिएको छ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति ७१.८ प्रतिशत र वित्तीय प्रगति ३०.१ प्रतिशत रहेको छ। आयोजनाको हाल हेडवर्कस् (सिभिल कार्य) निर्माण सम्पन्न भएको र मूल नहर अन्तर्गतको अन्तर्राष्ट्रिय ठेक्कातर्फको कार्य भइरहेको छ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : वन क्षेत्र तथा बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा वन्देज लगाएको । जि.स.स. बाट यथेष्ट मात्रामा ठेक्का व्यवस्थापन हुन नसक्दा निर्माण सामग्री सहज रुपमा आपूर्ति नभएको । नहर रेखाङ्कनमा देखापर्ने विवाद, आयोजनाको नहर क्षेत्रभित्र पर्ने जग्गा, घरटहरा आदिको मुआव्जा र क्षतिपूर्ति वापत अस्वाभाविक रकम माग गर्नुपर्ने गरेका कारण समेत कार्यान्वयनमा समस्या परिरहेको आयोजनाले जनाएको छ।

**२. बवई सिंचाइ आयोजना**

वर्दिया जिल्लाका करिव ३६,००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०४४/४५ मा शुरु भई शंशोधित कार्यतालिका अनुसार आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनामा कूल लागत रु. १२६९ करोड लाग्ने अनुमान छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ७१.६३ करोड विनियोजन गरिएको छ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति ९१.५ प्रतिशत र वित्तीय प्रगति ९७.५ प्रतिशत रहेको छ। आयोजनाको हाल नहर निर्माण, सर्भिस सडक निर्माण, नहर सञ्चालन, जलमापन, गेज निर्माण, डाइभर्सन निर्माण कार्य जारी रहनुका साथै उपभोक्ता किसानहरुको सहभागिता मूल्यांकनका लागि तथ्यांक संकलनको कार्य भइरहेको छ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : आयोजनाको नहर क्षेत्रभित्र पर्ने जग्गा, घरटहरा आदिको मुआव्जा र क्षतिपूर्ति अस्वाभाविक माग गरिंदा कारण जग्गा अधिग्रहण प्रक्रियामा विवाद आउने गरेको, वर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रमा पर्ने बवई नदीवाट नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा कठिनाई हुने गरेको आदि मुख्य समस्या रहेका छन्।

**३. रानीजमरा कूलरीया सिंचाइ आयोजना**

कैलाली जिल्लाका ८ वटा गा.वि.स. र १ नगरपालिका समेत गरी ३८,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. ०६४/६५ मा सुरु भई आ.व. ०७५/७६ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनामा कूल लागत रु. १२६३ करोड लाग्ने अनुमान छ। यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १९७ करोड विनियोजन गरिएको छ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति ८०.७ प्रतिशत र वित्तीय प्रगति ४९.४ प्रतिशत रहेको । आयोजनाको हाल चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भएको । यसैगरी चिसापानीदेखि वलचौरसम्म मूल नहर तथा सेटलिंग वेसिन निर्माण, कटासेदेखि मोहनासम्म फिडर नहर निर्माण, शाखा पुन:निर्माण तथा ग्राभेल रोड सुदृढीकरणको कार्य तथा कर्णाली, पथरैया र मोहना नदीहरुमा तटवन्ध निर्माण भइरहेको छ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : नहर रेखाङ्कनमा परेका जग्गा अधिग्रहणमा समस्या, वन क्षेत्र भित्रवाट नहरको रेखाङ्कन गर्नुपर्दा रुखहरु तथा अनाधिकृत वस्ति हटाउन समय लाग्ने, अन्तर निकाय समन्वयको अभाव आदि मुख्य समस्याका रुपमा रहेका छन्।

### ४. भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना

सुर्खेत, वर्दिया र बाँके जिल्लालाई समेटेर उर्जा, सिंचाइ, शहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान पुऱ्याउने लक्ष्य लिएको यस आयोजना आ.व. ०६८/६९ मा शुरु भई आ.व. ०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनावाट बाँके र वर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराउने तथा करिव १५० मिटर हेडको सदुपयोग गर्दै नियमित रुपमा ४८ मे.वा. जलविद्युत उत्पादन गरी देशको उर्जा संकट कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । वाह्रै महिना सिंचाइ उपलव्धतावाट कृषि उत्पादन वढ्न गई वार्षिक ३.१ अर्व अप्रत्यक्ष तथा विद्युतवाट २.१ अर्व प्रत्यक्ष आम्दानी हुने अनुमान छ । आयोजनाको कूल लागत रु. १६४३ करोड लाग्ने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ८८.८० करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति १३५.४ प्रतिशत र वित्तीय प्रगति २४.५ प्रतिशत रहेको छ । आयोजनाको ठेकेदार तथा कन्सलटेन्ट छनौट कार्य सम्पन्न भई पूर्ण रुपमा परिचालन भैसकेको, पहूँच सडकको निर्माण कार्य सम्पन्न भैसकेको तथा क्याम्प निर्माणको कार्य र सुरुङ्गको वोरिङ्ग क्षेत्रमा रुख कटानको कार्य भइरहेको छ ।
हाल आयोजना संचालनमा कुनै पनि समस्या नरहेको पाइएको छ ।

### ५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्नुपर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ । २०६७ श्रावणमा शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएता पनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अवरोध लगायतको कारणवाट आ. व. ०७४/७५ मा सम्पन्न हुने संशोधित अनुमान छ । आयोजनाको शुरु लागत अनुमान रु. ३५२९ करोड रहेकोमा संशोधित लागत अनुमान रु. ४१०२ करोड रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ५०० करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति ९०.९ प्रतिशत र वित्तीय प्रगति ९२.२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ९२ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८६.२ प्रतिशत रहेको छ । आ.व. २०७४।७५ सम्ममा यस आयोजनाको हेडवर्क्स कंक्रिटको कार्य ९०.३ प्रतिशत, मुख्य सुरुङ्गको कार्य ९९.९ प्रतिशत, विद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न कंक्रिटको कार्य १०० प्रतिशत, अडिट लगायत अन्य सुरुङ्गहरु खन्ने कार्य ८४.७ प्रतिशत, विद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न खन्ने कार्य १०० प्रतिशत सम्पन्न भइसकेको छ । २०७५ आषाढ मसान्तसम्ममा पहिलो युनिटवाट उत्पादन सुरु गरी २०७५ पौष मसान्तसम्म सबै युनिट सञ्चालनमा ल्याउने आयोजनाको आगामी कार्ययोजना रहेको छ ।

आयोजनाले भोल्नुपरेको समस्या : ठूला भारवहन भएका उपकरणहरु ढुवानी कार्यमा समस्या आई उपकरण जडान कार्य प्रभावित भएको ।

### ६. वुढीगण्डकी जलविद्युत आयोजना

कूल १२०० मेगावाट जडित क्षमताको यो आयोजनाको वाँधस्थल गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. सिउरेनिटार र धादिङ जिल्लाको सीमानामा वुढीगण्डकी र त्रिशुली नदीको वायाँ किनार कल्लेरिमा रहनेछ । जलाशयले गोरखा र धादिङ जिल्लाका ६६३९ हेक्टर जमिन डुवानमा पार्नसक्ने देखिन्छ । आ.व. २०६९/७० मा सुरु भई आ.व. २०७७/७८ मा सम्पन्न हुने लक्ष्य रहेको । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १०७७.१२ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४/७५ को प्रथम चौमासिकमा भौतिक प्रगति ०.६ प्रतिशत र वित्तीय प्रगति ०.२ प्रतिशत रहेको छ । यस आयोजनाको विस्तृत आयोजना प्रतिवेदन, बोलपत्रसम्वन्धी कागजात, विस्तृत वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृत भएको । गोर्खा जिल्लाको घ्याल्चोक सिउरेनिटारस्थित क्याम्प साईटको लागि १३३ रोपनी जग्गा अधिग्रहण एवम् मुआव्जा वितरण गरिएको, सो

स्थानमा आफ्नै कार्यालय निर्माण सम्पन्न गरी सोही कार्यालयवाट कार्य सञ्चालन भइरहेको । गोर्खा जिल्लातर्फका ३०,०७८ रोपनी र धादिङ्ग जिल्लातर्फका २८,०७५ रोपनी सहित ५८,१५३ रोपनी निजी जग्गा आयोजनाका लागि अधिग्रहण गरिएको । अधिग्रहण गरिएकोमध्ये गोर्खा जिल्लातर्फ आरुघाट र आरखेत वजार क्षेत्र वाहेक र धादिंग जिल्लातर्फ आरुघाट र खहरे वजार क्षेत्र वाहेकका क्षेत्रका जग्गाहरुको मुआव्जा निर्धारण सम्पन्न भएको । हालसम्म गोर्खातर्फ ८९३ जनालाई (३३०४ रोपनी) करिव २.०६ अर्व र धादिंगतर्फ ११०० जनालाई (४९२८ रोपनी) करिव २.३० अर्व मुआव्जा वितरण भएको । साथै, पर्यटन विकास, वस्ती विकास, जलउपयोग अध्ययन कार्यअन्तर्गत परामर्शदातावाट अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : गोर्खा जिल्लातर्फ आरुघाट र आरखेत वजार क्षेत्र र धादिंग जिल्लातर्फ आरुघाट र खहरे वजार क्षेत्रको मुआव्जा निर्धारण हुन नसकेकोले, मुआव्जा वितरण प्रक्रियामा काम गरिरहेका कर्मचारीहरु (जिल्ला प्रशासन, मालपोत र नापी कार्यालय) को कार्यवोझ वढी भएको, जग्गा अधिग्रहण तथा मुआव्जा वितरणका साथै पुनर्वास तथा पुनर्स्थापनाको व्यवस्थापनमा जटिलता रहेकोले आयोजनालाई छिटो कार्यान्वयनमा लैजान समस्या समस्या रहेका छन् ।

### ७. पश्चिम सेती जलविद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, वैतडी र वझाङमा रहेको यस आयोजनावाट ७५० मेगावाट विद्युत उत्पादन गर्नुपर्ने अनुमान गरिएको छ । चिनीया कम्पनी थ्रि गर्जेजले सन् २०१३ जुलाईसम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन वुझाउने सम्झौता भएकोमा हालसम्म नवुझाएको र आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भइनसकेकाले यसको प्रगति प्राप्त हुन सकेको छैन । यस आयोजना प्राविधिक तथा आर्थिक रुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्वन्धी समस्या औल्याएका छन् । आयोजनाको निर्माणको मोडालिटी सम्वन्धमा नेपाल विद्युत प्राधिकरण र चाइनिज कम्पनी थ्रि ग्रजेजवीच ज्वाइन्ट भेन्चर कम्पनी मोडेलमा निर्माण गरिने समझदारी कायम भएको लगानी वोर्डको कार्यालयले जानकारी गराएको छ ।

### ८. गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम वुद्ध विमानस्थलको धावनमार्ग (१५०० मी.X३० मी.) लाई स्तरोन्नती गरी (३००० मी. X४५ मी.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवन लगायत सञ्चार तथा पथप्रर्दशक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्नुपर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्नुपर्ने लक्ष्य राखिएको छ । यस आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्वरमा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ७२२ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको को आ.व. २०७४/७५ को प्रथम चौमासिक भौतिक प्रगति २८.३ प्रतिशत र वित्तीय प्रगति ७.३ प्रतिशत रहेको । जग्गा अधिग्रहणको प्रकृया पूरा गरी अधिग्रहण सम्वन्धी सूचना जारी भैसकेको । उपकरण जडान सम्वन्धमा वोलपत्र आव्हान गरी हाल मूल्याङ्कन भइरहेको ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : मुआव्जा वितरणमा रु. ३० लाखभन्दा माथिकोमा पूँजिगत लाभकर कट्टा गर्नुपर्ने भएकाले समस्या भएको, रनवे, ट्याकसी वे तथा निर्माण सम्वन्धमा चिनीयाँ ठेकेदार र स्थानीय ठेकेदारवीचको विवाद तथा कमजोर व्यवस्थापन क्षमताको कारणले अपेक्षा अनुरुप प्रगति हुन सकेको छैन ।

### ९.पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लास्थित पोखरा महानगरपालिकामा विगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रवर्द्धन गर्नुपर्ने यस आयोजनाको लक्ष्य रहेको छ । सन् २०११ मा आयोजना सुरु भएतापनि नेपाल सरकार र चीन सरकार वीच २०१७ मार्चमा ऋण सम्झौता भएको

मितिवाट ४ वर्षभित्र अर्थात् २०२१ सम्ममा सम्पन्न हुने अनुमान गरिएको छ । आयोजनामा कूल लागत रु. २१,६० करोड लाग्ने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ५०० करोड विनियोजन गरिएको थियो ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति पाँच प्रतिशत भएको छ र रकम खर्च हुन नसकेको । हाल निर्माण व्यवसायीवाट डिजाइन कार्य जारी रहेको, मे ३१ २०१७ वाट लोन इफेक्टिभ भएको र २०७३ वैशाख १ मा आयोजनाको शिलान्यास भएपछि प्रारम्भिक कार्यहरु थालिएका छन्।

आयोजनाले भोल्नुपरेका समस्याहरु : मुआव्जा तोक्ने कार्यमा ढिलाइ भएकोले कामले गति लिन नसकेको स्थिति छ ।

### १०. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ वारा

वारा जिल्लामा अवस्थित मुलुककै अत्याधुनिक विमानस्थलको रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व. २०७१/७२ मा शुरु भई आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. १५० करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको कुनै प्रगति हुन नसकेको । वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को ड्राफ्ट प्राप्त भएको र नदी कटान नियन्त्रणसम्वन्धी तालिम भइरहेको । ११० विघाहा जग्गा अधिग्रहण गरी मुआव्जा दिने कार्य भइरहेको । डिटेल डिजाइन तयार गर्नुपर्ने कार्यका लागि परामर्शदाता छनौटको प्रकृया अगाडि वढाइएको । आयोजना निर्माणको मोडालिटि तय गर्न समिति गठन भइ कार्य भइरहेको । विमानस्थलको धावन मार्गको अवस्थितिका लागि आवश्यक पर्ने वाइन्ड डाटा संकलन गर्न वाइन्ड लगर जडान गरिएको ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : वन क्षेत्र भित्र रहेको रुख कटान गर्न अनुमति प्राप्त नभएकोले फेन्स तथा पेरिमिटर सडक निर्माण गर्न नसकिएको । मुआव्जा वितरणका लागि सवै घरधनीवाट मुआव्जा हकदावीको निवेदन प्राप्त नभएको । आयोजना निर्माणको मोडालिटि तय हुन नसक्दा ठेक्का तथा निर्माण कार्यका अन्य प्रक्रियाहरुका सम्वन्धमा ठोस निर्णय गर्न नसकिएको अवस्था छ ।

### ११. पशुपति क्षेत्र विकास कोष

काठमाण्डौमा अवस्थित पशुपति क्षेत्रको योजनावद्ध विकासका लागि पशुपति क्षेत्र विकास कोषको गठन भई गुरुयोजना अनुसार योजनावद्ध विकासका कार्यक्रमहरुका माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्नुपर्ने लक्ष्य रहेको छ । यस गुरुयोजना आ.व. २०५७/५८ मा सुरु भएकोमा आ.व. ०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस कोषका लागि आ.व. २०७४/७५ मा कूल रु. ४४.४१ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस कोषको भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति ४५.५ प्रतिशत रहेको छ । तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल निर्माण कार्य लगायत विभिन्न ७ वटा कार्यक्रमहरु चालू अवस्थामा रहेका छन् । गुरुयोजना अनुसारका अन्य क्रमागत कार्यक्रमहरुको सञ्चालन भइरहेको छ भने वृहत पशुपति क्षेत्रको गुरुयोजना तयारी कार्य पनि भइरहेको छ ।
आयोजनाले भोल्नुपरेका समस्याहरु : कतिपय आयोजनाहरुमा पुरातत्व विभागसंग सहमति लिई काम गनुपर्ने भएकोले प्रकृयागत ढिलाई हुने गरेको, गुरुयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव रहेको ।

### १२. लुम्बिनी क्षेत्र विकास कोष

भगवान गौतम वुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्नुपर्ने लक्ष्य रहेको यो आयोजना लुम्बिनीमा अवस्थित छ । वि.सं. २०४२ देखि नै यस गुरुयोजनाको काम शुरु भएतापनि कहिलेसम्म सक्ने भन्ने विषयमा हालसम्म टुंगो लाग्न सकेको छैन । आयोजनाको शुरु लागत अनुमान रु. ५ अर्व ५० करोड रहेकोमा संशोधित लागत अनुमान रु. ६ अर्व १० करोड रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ७१.९४ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस कोषको भौतिक प्रगति ५३ प्रतिशत र वित्तीय प्रगति ५५ प्रतिशत रहेको । यस आ.व. को प्रथम चौमासिक सम्ममा गुरु योजना अनुसारका कार्यहरु सुरुवात गरिएको, ३ (तीन) जोडी पोभिलियन निर्माण कार्य सम्पन्न भएको । नेपालका बौद्ध क्षेत्रहरुलाई समेटी तयार गरिने बौद्ध सर्किटको अध्ययन तथा अन्वेषण प्रारम्भ भएको । वृहत्तर लुम्बिनी अन्तर्गत देवदहमा सूचना केन्द्र तथा कार्यालय, कुदानमा प्रार्थनास्थल र ध्यान सेड निर्माण कार्य शुरु भएको । मायादेवी मन्दिर वरिपरी गार्डेन निर्माण कार्य ७० प्रतिशत सम्पन्न भएको ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : पदपूर्ति हुन नसकेकाले जनशक्ति अभाव रहेको । फोहर व्यवस्थापनका लागि डम्पिङ साइट नभएकोले व्यवस्थापनमा कठिनाइ रहेको ।

### १३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

पूर्वमा पाँचथरको चियो भन्ज्यांगदेखि पश्चिममा वैतडीको झुलाघाटसम्म कूल लम्वाई १७७६ कि.मी. रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्नुपर्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्नुपर्ने लक्ष्य रहेको छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा कूल रु. ३९८.८८ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति ३५ प्रतिशत र वित्तीय प्रगति ३४.८ प्रतिशत रहेको छ । यस आ.व. को प्रथम चौमासिकमा १० कि.मी. कालोपत्रे, ३० कि.मी. ग्रावेल निर्माण सम्पन्न भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : वन क्षेत्रमा कार्य गर्न वाधा परिरहेको, स्थानीयहरुद्वारा रेखांकनमा विवाद हुन गरेको । जग्गा अधिग्रहण र मुआव्जा वितरणमा समस्या, विस्फोटक पदार्थको अभाव यस आयोजनाका प्रमुख समस्याहरु हुन् ।

### १४. रेल्वे तथा मेट्रो विकास आयोजना

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कूल ९४६ कि.मी. लामो रेल सञ्जाल निर्माण एवम् संचालनको लक्ष्य लिएको छ । यस आयोजनाको कूल लागत रु. ६९५२ करोड रहेको छ जुन सम्पूर्ण रुपमा नेपाल सरकारको आफ्नै स्रोतबाट व्यहोरिने छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ को प्रथम चौमासिकमा रु. ४३५.४६ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४/७५ मा यस आयोजनाको भौतिक प्रगति २२ प्रतिशत र वित्तीय प्रगति २१.२ प्रतिशत रहेको छ । यस आ.व को प्रथम चौमासिकमा निजगढ-हेटौडा-भरतपुर खण्डको संभाव्यता अध्ययन प्रतिवेदन तयार भएको र विभिन्न खण्डको रेलमार्ग निर्माण अन्तर्गत संरचनाको निर्माण भइरहेको ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : वन क्षेत्रमा आयोजना निर्माण स्वीकृतिमा ढिलाई, जग्गा अधिग्रहण, रेखाकंन तथा मुआव्जा निर्धारणमा समस्या, दक्ष जनशक्तिको अभाव तथा नदीजन्य निर्माण सामग्रीको सहज उपलव्धता नहुनु जस्ता समस्याहरु छन् ।

**१५. हुलाकी लोकमार्ग**

हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झापाको केचनादेखि पश्चिममा कंचनपुरको दोधारा चाँदनीसम्मको भू-भाग ओगटेको छ । यस आयोजनाको कूल लागत करिव रु. २५ अर्व लाग्ने अनुमान छ जुन नेपाल सरकारको स्रोत तथा भारत सरकारवाट प्राप्त हुने रु. १२ अर्व अनुदान रकमवाट व्यहोरिने छ । आ.व. २०६३/६४ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अपेक्षा गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्नुपर्ने लक्ष्य रहेको छ । यस आयोजनाको अन्त्यमा कूल १६६३ कि.मि. कालोपत्रे सडक र १२५ वटा पूलहरुको निर्माण हुने अनुमान छ । यस आयोजनाका लागि आ.व. २०७४/७५ मा रु. ४२४.१२ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिक प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति २५ प्रतिशत र वित्तीय प्रगति ११.६ प्रतिशत रहेको । यस आ.व. को प्रथम चौमासिकमा ६७ कि.मी. ग्रावेल निर्माण सम्पन्न भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : यस आयोजनामा मुआव्जा वितरणमा समस्या रहेको, र चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत अमुवा पोष्टदेखि रिउ खोलासम्मको सेक्सन डिटेल सर्भे गर्न अनुमति प्राप्त नभएको हुँदा रेखाकंनमा अन्यौलता रहेको छन ।

**१६.उत्तर दक्षिण (कोशी) लोकमार्ग**

यो आयोजनाले तेहथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मी. सडकमध्ये ५० कि.मी. मा यातायात चालू छ । यस वाहेक ७७ कि.मी. ग्राभेल सडक रहेको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको कूल लागत रु.७५० करोड लाग्ने अनुमान छ । आ.व. २०७४/७५ का लागि कूल रु. ५२.८४ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति १५ प्रतिशत र वित्तीय प्रगति १३ प्रतिशत रहेको छ ।  यस आ.व. को प्रथम चौमासिकमा विभिन्न खण्डमा ८ कि.मि. ट्र्याक खोलिएको र अन्य संरचना निर्माण तथा पूल निर्माण कार्यहरु सञ्चालन भइरहेका छन् । खांदवारीदेखि पाथिभरासम्मको ट्र्याक खोल्ने काम भइरहेको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु : चेपुवा किमाथांका खण्डमा रेखाङकनमा विवादले निर्माण कार्य अवरुद्ध भएको,  चीनतर्फवाट उपकरणहरु र इन्धन ल्याउन रुट पर्मिट पाउन कठिनाइ रहेको र स्थानीय तहको निर्वाचनका कारण समेत काम प्रभावित बनेको आयोजनाले जनाएको छ ।

**१७. उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग**

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, वाग्लुङ्ग, पर्वत र म्याग्दी जिल्ला समेटेको छ । कूल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व. २०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन : आ.व. २०७८/७९ मा सम्पन्न हुनेगरी म्याद थपिएको छ । यस आयोजनामा कूल लागत रु. २७ अर्व ५१ करोड लाग्ने अनुमान छ । चालू आ.व.मा यसका लागि रु. ३५ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति १२ प्रतिशत र वित्तीय प्रगति ६.६ प्रतिशत रहेको छ । विभिन्न खण्डमा ट्र्याक खोल्ने, ग्राभेलिङ र संरचना निर्माणका कार्यहरु सञ्चालन भइरहेका छन् ।

आयोजनाले भ्रेल्नुपरेका समस्याहरु

यस आयोजनाले पदार्थको सहजरुपमा प्रयोग गर्न नपाइएको, माथिल्लो मुस्ताङ क्षेत्रमा अत्यधिक उचाई रहेकोले, अक्सिजनको कमी तथा हावाको वेगका कारणले ६ महिना भन्दा वढी काम गर्न नसकिएको र कामदारको अभाव रहेको जस्ता समस्याहरु रहेको जनाएको छ ।

### १८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजनामार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिव १९६ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यस आयोजना आ.व. २०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुनः आ.व. २०७९/८० सम्म सम्पन्न हुने गरी म्याद थप गरिएको छ । आयोजनाको कूल लागत रु. ११ अर्व रहेको छ । यस आयोजनाका लागि चालू आ.व.मा रु. २४.९९ करोड विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै वजेटको समेत व्यवस्था गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४।७५ को प्रथम चौमासिकमा यस आयोजनाको भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति २४ प्रतिशत रहेको छ । यस आ.व. को प्रथम चौमासिकमा ४ कि.मी. ट्र्याक खोलिएको रे ८ कि. मि. ट्र्याक स्तरोन्नती भएको छ ।

आयोजनाले भ्रेल्नुपरेका समस्याहरु : आवश्यक विस्फोटक पदार्थको अभाव भौगोलिक विकटताले गर्दा निर्माण सामाग्री, इन्धन ढुवानी तथा अनुगमनमा कठिनाइ हुनुका साथै सञ्चारको समेत समस्या रहेको आयोजनाले जनाएको छ ।

### १९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

यस आयोजनाले राजधानी काठमाण्डौलाई तराइसँग जोड्ने द्रुत गतिको मार्ग निर्माण गर्ने लक्ष्य लिएको छ । आ.व.२०६४/६५ मा शुरु भई २०७७/७८ सम्ममा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कूल लागत रु. १११ अर्व रहने अनुमान छ । आ.व. २०७४/७५ मा आयोजनामा रु. १०१३.७५ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : आ.व. २०७४/७५ को प्रथम चौमासिकको भौतिक प्रगति प्राप्त नभएको र वित्तीय प्रगति ०.९ प्रतिशत रहेको छ ।

आयोजनाले भ्रेल्नुपरेका समस्याहरु : जग्गा अधिग्रहणमा समस्या, मुआव्जा तथा रेखाङ्कनमा हुने विवाद र सडक क्षेत्रमा पर्ने रुख कटानीमा समस्या रहेका छन् ।

### २०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ चरणमा गरी काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलव्ध गराउने लक्ष्य लिएको छ । सिन्धुपाल्चोकको मेलम्चीवाट २७.५ कि.मी. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य छ । आ.व. २०५८/५९ मा शुरु भई आ.व. २०६४/६५ मा सम्पन्न गर्नुपर्ने लक्ष्य रहेकोमा चौथो पटक संशोधन गरी आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । सन् २००८ को कूल लागत रु. ३१,७३ करोडवाट सन् २०१४ मा रु. ३५,५४ करोड पुगेको छ । आ.व. २०७४/७५ मा यस आयोजनाका लागि कूल रु. ६५७ करोड विनियोजन गरिएको छ ।

प्रथम चौमासिकको प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७४।७५ को प्रथम चौमासिकको भौतिक प्रगति ६५.७ प्रतिशत र वित्तीय प्रगति ६३.७ प्रतिशत रहेको छ । चालू आ. व. को प्रथम चौमासिकसम्ममा करिव २७ कि. मि. सुरुङ् निर्माण कार्य सम्पन्न भएको र ५५८ मिटर सुरुङ् निर्माण वाँकी रहेको छ । काठमाण्डौ उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा सडक निर्माण तथा पाइप विछ्याउने कार्य भइरहेको छ । सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको पहिलो चरणको निर्माण सम्पन्न भएको छ ।

आयोजनाले भ्रेल्नुपरेका समस्याहरु : सुरुङ निर्माणको क्रममा विभिन्न स्थानमा कमजोर चट्टान भेटिएको र उपकरणहरु विग्रने जस्ता समस्याहरु रहेको भएतापनि हाल निरन्तर रुपमा निर्माण भइरहेको छ ।

### २१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

नेपाल सरकारको पूर्ण लगानीमा संचालन हुने यो आयोजना आ.व. २०६७/६८ वाट शुरु भइ सालवसाली कार्यक्रमको रुपमा रहँदै आएको छ । आ.व. २०७०/७१ देखिनै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्नुपर्ने, उपल्लो तटीय वासिन्दावीच समूह संजालीकरण गर्नुपर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्नुपर्ने, विभिन्न प्रजातिका विरुवा उत्पादन गर्नुपर्ने, चुरेको डंढेलो नियन्त्रण तथा वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्नुपर्ने, चुरेमा आश्रित गरिव तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षरोपण गर्ने कार्यहरु संचालन भएका छन् । चुरे संरक्षण विधेयक तर्जुमा सम्वन्धमा अवधारणा पत्र तयारी कार्य अन्तिम चरणमा रहेको छ यस कार्यक्रमका लागि आ.व.२०७४/७५ मा रु. १९१ करोड विनियोजन गरिएको थियो ।

प्रथम चौमासिकको प्रगति स्थिति : यस कार्यक्रमको आ.व. २०७४।७५ को प्रथम चौमासिकको भौतिक प्रगति ५५.३ प्रतिशत र वित्तीय प्रगति ४५.७ प्रतिशत रहेको छ ।

आयोजनाले भोग्नुपरेका समस्याहरु : चुरे क्षेत्रमा एकीकृत वस्ती व्यवस्थापन नहुनु, निजी जमिन अन्तर्गत रहेका ढुंगाखानी उत्खननको नियमन नहुनु र भू-उपयोग नीति कडाइकासाथ लागू नहुनु जस्ता समस्या रहेका छन् ।

## ५. पुनर्निर्माणसम्वन्धी प्रगति स्थिति

५.१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट प्राप्त प्रगतिका आधारमा आ.व. २०७४/७५ को प्रथम चौमासिकसम्म पुनर्निर्माणका सम्वन्धमा भएका उपलव्धीहरु देहाय वमोजिम रहेको छ ।

| सि.नं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने संख्या | सम्पन्न संख्या | निर्माणाधिन संख्या | २०७४/७५ मा निर्माण हुने संख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४८३ | १७७ | १२५ | १३१ |
| २. | विद्यालयको भवन | ७५०० | २७०७ | २२०५ | २५८८ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ५४४ | - (५५५ वटाको प्रिफाव र प्रवलिकरण गरिएको) | ११९ | ९६ |
| ४. | पुरातात्विक सम्पदा | ७५३ | ७९ | १११ | ३१५ |
| ५. | सुरक्षा निकायको भवन | | | | |
| | नेपाली सेना | २०४ | ३७ | ६ | १८४ |
| | नेपाल प्रहरी | १३९ | २ | ९९ | ३८ |
| | सशस्त्र प्रहरी | ३१ | १ | ३० | ३१ |
| | रा.अ.वि. | ९ | ४ | ५ | ५ |
| ६. | खानेपानीको भवन | ३३०० | ९०४ | ९६५ | - |
| ७. | निजी घरहरु | ७,६७,७०५ | ७९,५०२ | १,९४,१५९ | - |

५.२ राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणवाट प्राप्त विवरण अनुसार पुनःनिर्माण सम्वन्धमा रहेका समस्या तथा चुनौतिहरु देहाय वमोजिम रहेका छन् ।

१) भूकम्प प्रभावित व्यक्तिहरुको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलव्ध गराउन नसकिएको ।

२) निजी आवास पुनःनिर्माणमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउन नसक्दा कार्यसम्पादनमा असर पुगेको ।

३) परिवर्तित सन्दर्भमा नीति, संरचना तथा अन्तरसम्वन्धमा प्रष्टता ल्याउनुपर्ने देखिएको ।

४) पुनःनिर्माणसम्वन्धी कार्यहरु एवम् कोष प्रवाहको स्थानीयकरण गर्नुपर्ने स्थिति रहेको ।

५) सवै सरोकारवाला र लाभग्राहीहरुमा जानकारी प्रवाह गर्नुपर्ने र साझा वुझाई विकास गर्न जरुरी रहेको ।

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४० औं वैठकका निर्णयहरुको प्रगति स्थिति

| नि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १. | स्थानीय तहको प्रशासनिक संरचना स्पष्ट नहुँदा जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा समस्या परेकोले सामान्य प्रशासन मन्त्रालयले संयोजन गरी संघीय मामिला तथा स्थानीय विकास, शिक्षा, स्वास्थ्य, कृषि विकास, पशुपंक्षी विकास, महिला, वालवालिका तथा समाज कल्याण, उद्योग, सहकारी तथा गरिवी निवारण, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र सिंचाइ मन्त्रालयको प्रतिनिधित्व रहने कार्यदल गठन गरी १५ दिनभित्र स्थानीय तहको अन्तरिम संरचना तयार गर्नुपर्ने र सामान्य प्रशासन मन्त्रालयले सम्वद्ध मन्त्रालयको सहयोग लिई जनशक्ति खटाउने । | कार्यदल गठन भइ स्थानीय तहका लागि अन्तरिम संगठन संरचना र दरवन्दी तयार पारिएको । विभिन्न स्थानीय तहमा यस मन्त्रालयवाट १४०० र जिल्लास्तरवाट ९०८६ गरी १०४८६ कर्मचारीहरुलाई कामकाज गर्न खटाईएको । (**सामान्य प्रशासन**)<br><br>स्वीकृत कार्य विस्तृतीकरण अनुरुप संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन एकिन गरी सोको प्रारम्भिक प्रतिवेदन प्रधानमन्त्री तथा मं.प. को कार्यालयमा वुझाइसकिएको । अधिकार सम्पन्न संघीय प्रशासनिक पुनसंरचना समितिसंग समन्वय गरी मन्त्रालयको प्रशासनिक एवम् सांगठनिक संरचनाको अन्तिम खाका तयार भइरहेको । (**सिंचाइ**)<br><br>पशुपन्छी विकास मन्त्रालय अन्तर्गत अधिकृतस्तर तृतीय श्रेणी प्राविधिक ३४० जना, सहायक तह प्राविधिक २७५० जना, श्रेणी विहिन २०० जना गरी कूल ३२९० जना खटाइएको । (**पशुपन्छी विकास**)<br><br>कार्यदल गठनमा यस मन्त्रालयको प्रतिनिधित्व भएको । स्थानीय तहको अन्तरिम संरचना तयार गरी प्रस्ताव गरिएको । स्थानीय तहमा जनशक्ति पठाइएको । (**सहकारी तथा गरिवी निवारण**)<br><br>सूचना तथा सञ्चार मन्त्रालयसम्वन्धी कार्य जिम्मेवारीहरुमध्ये स्थानीय र प्रदेश सरकारवाट गरिने कार्यहरुको कार्यविवरण सहितको नमूना कार्यविधि, निर्देशिका वा दिग्दर्शन तयार गरी स्थानीय विकास मन्त्रालयमार्फत् स्थानीय तह र प्रदेश सरकारमा पठाउन कार्यविधिको मस्यौदा तयार भइरहेको ।<br>मन्त्रालयवाट स्थानीय र प्रदेश सरकारलाई निक्षेपित कार्य जिम्मेवारी सम्पादनका लागि आवश्यक भौतिक संरचना निर्माण, सवारी साधन तथा जनशक्ति व्यवस्थाका लागि तत् तत् सरकारवाट राय सुझाव माग गर्ने निर्णय भएको ।<br>इन्जिनियरिङ सेवा इले. एण्ड टेलिकम्युनेशन समूहको सम्पूर्ण प्रशासनिक कार्य यस मन्त्रालयवाट सम्पादन हुने भएकोले हाल उपलव्ध जनशक्तिहरुलाई सवै प्रदेश सरकार मातहत खटाउने र यी समूहका कर्मचारीहरुको कार्य विवरण साविक वमोजिम हुने निर्णय भएको । (**सूचना तथा सञ्चार**) |

| | | |
|---|---|---|
| २. | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वडा कार्यालय समेत गाउँपालिका तथा नगरपालिकाका कार्यालय भवन आगामी चार वर्षभित्र चरणवद्ध रुपमा निर्माण गर्नेगरी दुइ महिनाभित्र कार्ययोजना तयार गरी क्रमागत रुपमा वजेट व्यवस्था सहित कार्यान्वयन गर्नुपर्ने । | सवै ७५३ वटा स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) को प्रशासकीय भवन निर्माणका लागि कार्ययोजनाका साथै प्रारम्भिक वजेट अनुमान तयार गरी सोवमोजिम नेपाल सरकारले व्यहोर्नुपर्ने रु १ खर्व २२ अर्व स्रोत सुनिश्चितताका लागि २०७४।७।२३ को निर्णयानुसार अर्थ मन्त्रालयमा अनुरोध गरिएको ।<br>**(सङ्घीय मामिला तथा स्थानीय विकास)** |
| ३. | स्थानीय तहको विकासका लागि वैदेशिक श्रोत परिचालन तथा वित्तीय श्रोत व्यवस्थाको स्पष्ट मार्गचित्र तयार गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दुइ महिनाभित्र विकास साझेदारहरुको वैठक आयोजना गर्नुपर्ने । | विकास साझेदारहरुसँगको सम्मेलन सम्वन्धमा अर्थ मन्त्रालयको २०७४।६।२० को पत्रवाट आफैं आयोजना गर्नुपर्ने भनिएकोले सो सम्मेलन यस मन्त्रालयले आयोजना नगरेको ।<br>**(सङ्घीय मामिला तथा स्थानीय विकास)** |
| ४. | स्थानीय तहलाई पूर्वाधार विकासमा सहयोग गर्न प्राविधिक जनशक्तिको क्षमता विकास, प्रविधि हस्तान्तरण, अन्तर स्थानीय तह पूर्वाधार निर्माण, श्रोत परिचालन र गुणस्तर सुनिश्चित गर्न अन्य निकायसँगको समन्वयमा स्थानीय पूर्वाधारसम्वन्धी सवै क्षेत्रलाई एकिकृत गरी प्रदेशस्तरीय संरचना र प्राविधिक इकाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दुइ महिनाभित्र स्थापना गर्न कार्य अघि वढाउने । | पूर्वाधार हेर्ने प्रदेशस्तरीय प्राविधिक संरचनाको खाका सहितको प्रतिवेदन तयार गरिएको ।<br>**(सङ्घीय मामिला तथा स्थानीय विकास)**<br>मिति २०७४।४।२६ को सचिवस्तरीय निर्णयानुसार १३५ जना इन्जिनियरहरुको सूची स्थानीय निकायमा खटाउने प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा पठाइएको । २०७४।२।२ मा सिंचाइतर्फको १,३९५,२४२ हजार र जल उत्पन्न प्रकोप व्यवस्थापन विभागतर्फ ६,९४,००० हजार गरी जम्मा २०,८९,२४२ हजार वजेट र कार्यक्रम सहित अर्थ मन्त्रालयमा पठाईएको । **(सिंचाइ)** |
| ५. | इच्छुक भूकम्प प्रभावितलाई पूर्व घोषणावमोजिम सहुलियतपूर्ण रुपमा र सामूहिक जमानीमा निर्व्याजी ऋण उपलव्ध गराउने सम्वन्धमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र वैंकले नीतिगत व्यवस्था गरी वाणिज्य वैंकहरुलाई एक महिनाभित्र निर्देशन दिने । | कूल आठ जना सदस्यहरु सहितको कार्यदल (पुनर्निर्माण प्राधिकरण, अर्थ मन्त्रालय, नेपाल राष्ट्र वैंक, म.ले.नि.का. नेपाल वैकर्स एशोसिएसन, नेपाल वित्तीय संस्था संघ, निक्षेप तथा कर्जा सुरक्षण कोष) गठन भई ऋण प्रवाहको मोडालिटी तयार गर्नुपर्ने कार्य भइरहेको । **(राष्ट्रिय पुनर्निर्माण प्राधिकरण)**<br>धितो जमानीमा निर्व्याजी ऋण प्रदान नभएको । सहुलियतपूर्ण ऋण ५९४ जनालाई रु. १ अर्व ३ करोड ६२ लाख प्रदान भएको । **(अर्थ)** |
| ६. | अधिकांश प्राविधिक धारतर्फका विद्यालयमा कम शैक्षिक योग्यता भएका शिक्षकवाट अध्यापन गराउनु परिरहेको सन्दर्भमा विभिन्न विश्वविद्यालयवाट प्राविधिक विषय अध्ययन गरेका तथा सरकारी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई प्राविधिक धारतर्फको विद्यालयमा | प्राविधिक धारतर्फको विद्यालयमा स्वयंसेवकका रुपमा अध्यापन गर्न लगाउनका लागि चालू आ.व.को कार्यक्रममा १०० जनाको लागि वजेट व्यवस्था गरिएको । विनियोजित वजेट न्यून रहेकाले कार्यक्रम संशोधन गर्नुपर्ने तयारी भइरहेको, स्वयंसेवक परिचालन गर्नुपर्ने विधि एवम् अन्य नीतिगत |

| | | |
|---|---|---|
| | स्वयंसेवकको रुपमा अध्यापन गर्न खटाउने सम्वन्धमा शिक्षा मन्त्रालयले दुइ महिनाभित्र अध्ययन गराई कार्यान्वयन गर्नुपर्ने । | व्यवस्थाका लागि रायोआसंगको समन्वयमा थप गृहकार्य भइरहेको । **(शिक्षा)** |
| ७. | भैरहवाको विशेष आर्थिक क्षेत्र संचालनमा आए पनि विद्युत् आपूर्ति नहुँदा उद्योग संचालन गर्न लगानीकर्तालाई समस्या भएकाले उर्जा मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिई भैरहवाको विशेष आर्थिक क्षेत्रमा दुइ महिनाभित्र विद्युत् उपलव्ध गराउने व्यवस्था गर्नुपर्ने । | राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको संयोजकत्वमा उर्जा सचिव र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक सहितको वैठकमा ६० दिनभित्र विद्युत् उपलव्ध गराउने सहमति भएको, विद्युत प्रसारण लाइन निर्माण सुरु भएको । **(उद्योग)**<br>भैरहवा विशेष आर्थिक क्षेत्रमा विद्युत आपूर्तिका लागि जोगीकुटि धकधई स /स देखि विशेष आर्थिक क्षेत्र सम्म ११.५०७ कि. मि. ३३ के. भि डवल सर्किट लाइन निर्माण कार्य र धकधई स/स मा २ वटा ३३ के.भि. वे निर्माण कार्य नेपाल विद्युत प्राधिकरण, वुटवल क्षेत्रीय कार्यालयवाट भइरहेको । यस खण्डको ८०५ पोलिङ्ग सम्पन्न भएको ।<br>जोगिकुटि स/स मा ३३ के.भि २ थान वे निर्माण, सो स/स देखि धकधई स/स सम्म ३० के. भि. ३३ के.भि लाइन निर्माण र धकधईमा ३३/११ के.भि. स/स निर्माण कार्य वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनावाट भइरहेको । धकधई स/स निर्माण कार्य (सिभिलतर्फ) ५० प्रतिशत सम्पन्न भएको ।<br>३३ के.भी. प्रसारण लाइनको निर्माण आगामी चैत्र मसान्तसम्म सम्पन्न गरिने र सवस्टेशनको निर्माण आगामी ६ महिनाभित्र सम्पन्न हुने लक्ष्य रहेको । **(उर्जा)** |
| ८. | माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनामा ऋणको अवधि नवढाउने जानकारी चीनको एक्जिम वैंकवाट प्राप्त भएको सम्वन्धमा राष्ट्रिय योजना आयोगले गरेको समन्वय वैठकमा छलफल हुँदा सेप्टेम्वर २०१७ भित्र ऋणको अवधि वढाउन उक्त वैंक तयार रहेकाले परामर्शदातालाई उपलव्ध गराउने रकम नेपाल विद्युत प्राधिकरण र नेपाल सरकारकातर्फवाट एक महिनाभित्र उपलव्ध गराउने व्यवस्था गरी आयोजना कार्यान्वयन शीघ्र रुपमा अघि वढाउने । | माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना र उक्त आयोजनाको २२० के.भी. विद्युत प्रसारण लाइन र सवस्टेशन आयोजनाको ऋण सम्झौताको म्याद थपको लागि चिनको एक्जिन वैंकलाई २०७३।३।२७ मा पत्राचार गरिएको ।ऋण सम्झौताको म्याद ५ वर्ष थप गरिएको । **(उर्जा )** |
| ९. | विभिन्न मन्त्रालयअन्तर्गतका विकास समिति, आयोग, वोर्ड, प्रतिष्ठानको कार्यक्रम स्थानीय तहमा गएको वा जाने क्रममा रहेकाले सम्वन्धित मन्त्रालयले त्यस्ता संगठनको साधन, संरचना, जनशक्ति आदि प्रथम चौमासिक अवधिभित्रै | यस मन्त्रालय अन्तर्गतका समिति/ आयोग/वोर्ड/ प्रतिष्ठानको खारेजी पुनःसंरचना तथा हस्तान्तरण सम्वन्धमा अध्ययन गर्न गठित समितिले गठन गरी अध्ययन गराई खारेज गर्नुपर्ने, पुनःसंरचना गर्नुपर्ने तथा हस्तान्तरण गर्नुपर्ने विवरण खुलाई प्रतिवेदन पेश |

| | | |
|---|---|---|
| | पुनःसंरचना, हस्तान्तरण वा खारेजी गर्नुपर्ने कार्य टुंग्याउने । | गरेको छ । सो अनुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको पुनःसंरचना गरी सातवटा प्रदेश सरकारअन्तर्गत रहने गरी पुनःसंरचना गर्नुपर्ने, वौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकाससमितिलाई मन्त्रालयको पुनःसंरचना पछि धर्म र संस्कृति हेर्ने मन्त्रालयमा हस्तान्तरण गर्ने र अन्य समिति, प्रतिष्ठान, आयोग र केन्द्र (८ वटा) लाई खारेज गर्नुपर्ने निर्णय भएको ।<br>**(सङ्घीय मामिला तथा स्थानीय विकास)**<br><br>शिक्षा मन्त्रालयअन्तर्गत स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा वजेटका लागि आवश्यक गृहकार्य गरी आर्थिक वर्षको शुरुमा नै करिव ६० अर्व वरावरको कार्यक्रम र वजेट स्थानीय तहमा सशर्त अनुदानका रुपमा विनियोजन गरिएको, संगठन संरचनाको व्यवस्थापनका लागि मन्त्रालय र अन्तर्गतको संगठन व्यवस्थापन सर्भे गरी प्रतिवेदन पेश गर्नुपर्ने कार्य भएको, जनशक्ति हस्तान्तरण सम्वन्धमा १०५३ स्रोतव्यक्ति र करिव ७०० निजामति कर्मचारी स्थानीय तहमा कामकाज गर्नेगरी खटाइएको । **(शिक्षा)**<br><br>प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय लगायतसँग समन्वय गरिएको ।<br>**(सहरी विकास)**<br><br>१ अर्व ७९ करोड ९० लाख ११ हजार वरावरको करिव २६०० आयोजना स्थानीय तहमा हस्तान्तरण भएको । **(खानेपानी तथा सरसफाई)**<br><br>यस मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय सहकारी विकास वोर्ड र गरिव घरपरिवार सहयोग समन्वय वोर्डलाई पुनःसंरचना गर्नुपर्नेसम्वन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग नियमित समन्वय गरी कार्य अगाडि वढाइएको । **(सहकारी तथा गरिवी निवारण)**<br><br>मन्त्रालय र अन्तर्गतका निकायहरुको साधन, श्रोत, संगठन, संरचना र जनशक्ति हस्तान्तरणका लागि प्रस्ताव तयारी गर्न एक कार्यदल गठन भई हाल कार्यरत रहेको । **(युवा तथा खेलकूद )**<br><br>संघीयता कार्यान्वयन गर्नुपर्ने सन्दर्भमा मन्त्रालय र मातहतका निकायको पुनःसंरचना सम्वन्धमा अध्ययन |

| | | |
|---|---|---|
| | | गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न गठित कार्यदलले प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र अधिकार सम्पन्न संघीय प्रशासनिक पुनः संरचना समितिको सचिवालयमा पठाईएको । (**वाणिज्य**) |
| १०. | विज्ञान प्रविधिको क्षेत्रमा दीर्घकालीन सोच तथा रणनीति तर्जुमा हुन नसक्दा अनुसन्धान, नवप्रवर्तन र सूचना प्रविधिको विकासमार्फत मुलुकको समृद्धिमा यस क्षेत्रको योगदान पुग्न नसकेकाले विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा २०७४ मंसीरभित्र विज्ञान तथा प्रविधि क्षेत्रको दीर्घकालीन सोच तथा रणनीति तयार गर्नुपर्ने । | विज्ञान प्रविधि क्षेत्रको दीर्घकालीन सोंच तथा रणनीति तयार गर्नुपर्ने सिलसिलामा सातवटै प्रदेशमा गोष्ठी संचालन गर्ने कार्यक्रम रहेकोमा ६ वटा प्रदेशमा संचालन भइसकेको र प्रदेश नं. ३ को काठमाडौमा आयोजना गर्ने तयारी भइरहेको । मंसीर महिनामा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन आचारसंहिता तथा निर्वाचनमा कर्मचारी खटाउनु पर्दा तोकिएको समयमा कार्यक्रम सम्पन्न हुन नसकेको । ( **विज्ञान तथा प्रविधि**) |
| ११. | विनियोजन ऐन, २०७४ को दफा ५ अनुसार स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने आयोजना सम्वद्ध मन्त्रालयले २०७४ भाद्रभित्र हस्तान्तरण गरी सोको विवरण अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने । | चालू आ.व.मा विभिन्न आठवटा कार्यक्रम तथा आयोजना स्थानीय तहमा हस्तान्तरण गरिएको ।<br>(**सङ्घीय मामिला तथा स्थानीय विकास**)<br>मन्त्रालयअन्तर्गत ७५३ वटा स्थानीय तहमा जाने वजेट तथा कार्यक्रमहरुको विवरण तयारीको क्रममा रहेको । (**सिंचाइ**)<br>क्रमागत वाहेकका नयाँ आयोजनाहरु स्थानीय तहमा हस्तान्तरण गरिएको । (**सहरी विकास**)<br>मन्त्रालयको २०७४।६।१५ को मन्त्रिस्तरीय निर्णय वमोजिम विभिन्न स्थानीय तहमा करिव १२.५० करोडको आयोजना हस्तान्तरण भएको ।<br>(**शहकारी तथा गरिवी निवारण**)<br>आ.व.को वजेट तर्जुमाको समयमै खेलकूद र युवातर्फका आयोजना स्थानीयस्तरमा हस्तान्तरण भएको र राष्ट्रिय युवा परिषदअन्तर्गतका जिल्ला स्थित कार्यक्रमहरु स्थानीयस्तरमा पठाउने सिलसिलामा एल्. एम्. वि. आइ. एस् मा समावेश गरी कार्यान्वयनका लागि पठाइएको ।<br>(**युवा तथा खेलकूद** ) |
| १२. | निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि कोरियन कम्पनीलाई सम्झौता अनुसारको रकम भुक्तानीसम्वन्धी समितिको ३९ औं वैठकको निर्णय अनुसार पर्यटन मन्त्रालयले २०७४ असोजभित्र टुङगो लगाई आयोजनाको कार्यान्वयन अघि वढाउने । | आयोजनाको विकल्प सहित राय सहमतिका लागि रा. यो. आ. र अर्थ मन्त्रालयमा पठाइएको । रकम भुक्तानीका लागि तेस्रोपक्षीय लेखापरीक्षक नियुक्त भई वार्ताको प्रक्रियामा रहेको ।<br>मिति २०७३।४।३१ मा माननीय मन्त्री श्री जितेन्द्र नारायण देवको संयोजकत्वमा वारा, पर्सा र रौतहटका |

| | | |
|---|---|---|
| | | माननीय सांसदसहितको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सहजीकरण तथा समन्वय समिति गठन गरिएको तथा सो समितिले सहजीकरण गरिरहेको । **(पर्यटन)** |
| १३. | संघियता अनुरुप योजना प्रणाली, योजना संगठन र तहगत सरकारका योजनावीच अन्तरसम्वन्ध स्थापना र आवधिक तथा वार्षिक योजना प्रक्रियासम्वन्धी क्षमता विकास गर्न जरुरी देखिएकाले राष्ट्रिय योजना आयोगले देहायवमोजिम गर्नुपर्ने:<br>(क) आगामी सन् २०३० सम्मको दीर्घकालीन सोच (Vision) को मस्यौदा २०७४ माघभित्र तयार गर्नुपर्ने ।<br>(ख) विज्ञ संस्था (Think Tank) का रुपमा आयोगको पुन:संरचना २०७४ कार्त्तिकभित्र गर्नुपर्ने ।<br>(ग) प्रदेश र स्थानीय तहका लागि योजना तर्जुमा, र अनुगमन तथा मूल्यांकनसम्वन्धी दिग्दर्शनहरु तयार गरी र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा क्षमता विकासका कार्यक्रम संचालन गर्नुपर्ने । | (क) दीर्घकालीन सोच तयारीका निमित्त प्रारम्भिक अध्ययन तथा मस्यौदा तयारी भइरहेको ।<br>(ख) राष्ट्रिय योजना आयोगलाई समयसापेक्ष संघीय शासकीय स्वरुप अनुरुप विज्ञ संस्थाका रुपमा पुन:संरचनाका लागि रा.यो.आ. को गठन तथा कार्यसञ्चालन आदेश, २०७४ तर्जुमा गरी स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।<br>(ग) विज्ञहरुवाट प्रदेश र स्थानीय तहका लागि योजना तर्जुमा, र अनुगमन तथा मूल्यांकनसम्वन्धी दिग्दर्शनहरुको मस्यौदा तयार भएको ।<br>**(राष्ट्रिय योजना आयोग)** |

## ७. विभिन्न मन्त्रालयहरुवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरु

### ७.१ शिक्षा मन्त्रालय :

१) विद्यालय शिक्षाका सवै कार्य स्थानीय तहवाट सम्पादन गर्ने गरी कार्यक्रम तथा वजेट स्थानीय तहमा विनियोजन भइसकेको अवस्थामा विद्यालय क्षेत्र विकास कार्यक्रम डि.एल.आइ. मा आधारित रहेर रिपोर्टिङ्ग कुन ढङ्गवाट हुने भन्ने विषयमा अन्योल रहेको ।

२) स्थानीय सरकार सञ्चालन ऐनको दफा १०४ को व्यवस्था अनुसार ६ महिनाभित्र आफू मातहतका निकायहरूको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी सम्वन्धित निकायको नाममा रहेको सम्पत्ति, दायित्व तथा वजेट सम्वन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण हुने गरी आवश्यक व्यवस्था गर्नुपर्ने भन्ने व्यवस्था कार्यान्वयन कुन ढङ्गवाट गर्नुपर्ने र सम्पत्ति हस्तान्तरणको आधार के हुने समस्या सिर्जना भएको । उक्त व्यवस्था कार्यान्वयन गर्दा पुराना अभिलेखको व्यवस्थापन कुन रुपवाट गर्नुपर्ने अन्योल रहेको ।

३) चैत्र मसान्तपश्चात् जिल्ला शिक्षा कार्यालयको अस्तित्व के हुने ? यस आ.व.को जिशिकामार्फत सञ्चालन हुने कार्यक्रम कसरी सञ्चालन गर्नुपर्ने, आगामी वर्षको वार्षिक कार्यक्रम कुन निकायवाट कसरी गर्नुपर्ने भन्ने विषयमा अन्यौल सिर्जना भएको ।

४) शिक्षा क्षेत्रका लागि विनियोजित वजेट पछिल्ला वर्षहरुमा घट्दो क्रममा रहेको र यसवाट विगतमा दातृ निकायहरुसंग गरेको प्रतिवद्धता पूरा नभएकाले वाह्य सहयोगमा कमी हुनसक्ने सम्भावना रहेको ।

### ७.२ महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय :

१) हालसम्म महिला तथा वालवालिका कार्यालयमार्फत हुँदै आएका कार्यहरुको निरन्तरता, स्वामित्व र सम्पत्ति हस्तान्तरण कसरी गर्ने प्रष्ट हुनुपर्ने ।

२) मन्त्रालयको कार्यक्षेत्रमा कामगर्नुपर्ने संघसस्थाहरुलाई विगतमा अनुदान दिने गरिएकोमा आगामी वजेटमा कसरी सम्वोधन गर्ने भन्ने विषयमा स्प्रष्ट व्यवस्था नभएको ।

### ७.३ स्वास्थ्य मन्त्रालय :

१) निर्माणाधिन १०५२ वटा भवनहरूको निर्माण कार्यका लागि चालू आ.व.मा रू ९ अर्व माग भएकोमा ३ अर्व ७५ करोड मात्र व्यवस्था भएकोले, निर्माणाधिन धेरै भवनको कार्य अगाडि वढ्न नसक्ने हुँदा थप रकमको व्यवस्था हुनुपर्ने ।

२) सुर्तीजन्य पदार्थको प्याकेटमा चित्रसहित चेतावनीमूलक स्वास्थ्य संदेश छाप्ने निर्देशिका २०७१ वमोजिम सुर्तीजन्य पदार्थको प्याकेटको ९० प्रतिशत भागमा चेतावानीमूलक स्वास्थ्य सन्देश र चित्र छपाई गर्न सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्नुपर्ने नियमावली २०६८ को नियम ९ को उपनियम (२) वमोजिम कुनै उद्योगले पालना नगरेकोले सो वारे अर्थ मन्त्रालय र उद्योग मन्त्रालयले आवश्यक कारवाही गर्नुपर्ने ।

३) सरकारी ठूला अस्पतालहरूमा आएका वेवारिसे विरामीहरूलाई लामो समयसम्म अस्पताल मै राखी राख्नुपर्ने भएको र यो विषयमा राष्ट्रिय ट्रमा सेन्टरले पनि उठाएको हुँदा सोको व्यवस्थापन गर्नका लागि राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय र गैर सरकारी संस्थाहरूको वीच समन्वयवाट समस्या समाधान गर्नुपर्ने ।

**७.४ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

१) स्थानीय तहको समेत रेखदेख र सहजीकरणमा निजी आवास पुनर्निर्माण भइरहेको हुँदा स्थानीय तह (नगरपालिका र गाउँपालिका) वाटै आवास निर्माण अनुदान र प्राविधिकहरुको पारिश्रमिक भुक्तानी गरी संयन्त्र मिलाउनका लागि अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन हुनुपर्ने ।

**७.५ सामान्य प्रशासन मन्त्रालय :**

१) कर्मचारी समायोजन गर्नुपर्ने प्रयोजनका लागि सवै निकायहरुले आफू मातहतका कर्मचारीहरुको यथार्थ विवरण अद्यावधिक गरी शीघ्र सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने ।

**७.६ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

१) स्थानीय तहमा प्राविधिक कर्मचारीको अभावमा सेवा प्रवाहमा गम्भिर समस्या परेकोले प्राविधिक कर्मचारीहरु विशेषतः इन्जिनियर, सव इन्जिनियर आदि पदमा कर्मचारी समायोजन भै नगएसम्मका लागि वा स्थायी पदपूर्ति नभएसम्मका लागि करार सेवामा लिई काम गर्न सक्नेगरी नीतिगत निर्णय हुनुपर्ने ।

२) संघीय संरचना वमोजिम जिल्ला वा स्थानीयस्तरमा नरहने सरकारी संरचनाको श्रोत, साधन र सम्पत्तिको हस्तान्तरण हुन नसकेकोले सवै विषयगत मन्त्रालयले स्थानीय तहको कार्य जिम्मेवारीमा गएका कामसंग सम्वन्धित कार्यालयहरु एक महिनाभित्र खारेज गरिसक्नुपर्ने । साथै, खारेज हुने कार्यालयको श्रोत, साधन र सम्पत्तिको विवरण र त्यसको हस्तान्तरण गर्नुपर्ने उपयुक्त निकाय र स्थानीय तह सम्वन्धमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी र कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख सदस्य एवम् सम्वन्धित कार्यालयको प्रमुख सदस्य सचिव रहेको समिति गठन गरी १५ दिनभित्र सम्वन्धित मन्त्रालयमा सिफारिस गर्नुपर्ने ।

३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपछि पनि यससंग वाझिएका अन्य ऐन कानूनहरूको कारण कार्यान्वयनमा असहजता आएकोले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि यस ऐनमा लेखिएको कुरामा यसै वमोजिम हुने भनी स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएकोले ऐनको प्रभावकारी कार्यान्वयनका लागि वाझिएका ऐन वा ऐनका दफाहरु खारेज भएको मानी ऐन कार्यान्वयन गर्न निर्देशन हुनुपर्ने ।

४) विषयगत मन्त्रालयवाट स्थानीय तहमा हस्तान्तरित कामको विषयमा नमूना कानून, मापदण्ड, कार्यविधि तथा ढांचा तयार नहुंदा स्थानीय तहवाट सेवा संचालन गर्न कठिनाई भएको हुंदा सम्वन्धित विषयगत मन्त्रालयले एक महिना भित्र आ-आफ्नो क्षेत्रको हस्तान्तरित कामको कार्यान्वयन गर्न आवश्यकता अनुसार शाखागत कार्य जिम्मेवारी नमूना कानून, मापदण्ड, कार्यविधि तथा ढांचा तयार गरी सवै स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने ।

५) स्थानीय तहका लागि पूर्वाधारसम्वन्धी योजना तथा कार्यक्रमको मापदण्ड निर्धारण र कार्य जिम्मेवारी स्पष्ट नहुंदा स्थानीय तहमा पूर्वाधार निर्माणमा कठिनाई र अन्यौलता सिर्जना भएकाले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले अन्य मन्त्रालय तथा विभागसंग समन्वय गरी एक महिना भित्र स्थानीय पूर्वाधारको मापदण्ड तथा पूर्वाधारसम्वन्धी स्पष्ट कार्य जिम्मेवारीको खाका तयार गरी सक्ने र सरकारले त्यस्ता न्यूनतम मापदण्ड स्वीकृत गरी सवै स्थानीय तहमा उपलव्ध गराउने ।

६) स्थानीय तहवाट हुने कामको अनुगमन, प्रतिवेदन र समीक्षा सम्वन्धमा स्पष्ट नीतिगत निर्णयको आवश्यकता परेको हुंदा गाउंपालिका/नगरपालिकाहरुले गर्नुपर्ने कार्यको आफैंले गर्नुपर्ने अनुगमन, समीक्षा तथा प्रगति प्रतिवेदन र जिल्ला समन्वय समितिले स्थानीय तहमा गर्नुपर्ने अनुगमन समीक्षा तथा प्रगति प्रतिवेदन सम्वन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सरोकारवाला मन्त्रालय एवम् निकायसंग संयोजन

गरी खाका तयार पार्ने साथै संघ तथा प्रदेशले स्थानीय तहमा गर्नुपर्ने अनुगमन समीक्षा तथा स्थानीय तहले प्रदेशमा पठाउनु पर्ने प्रतिवेदन सम्वन्धमा राष्ट्रिय याजेना आयागले सम्वद्ध मन्त्रालय तथा सरोकारवालाहरुसंग समन्वय गरी सूचक, कार्यविधि तथा प्रक्रिया निर्धारण गर्नुपर्ने ।

७) सवै स्थानीय तहको केन्द्रसम्म दूर संचार प्रविधि (इन्टरनेट सेवा) नपुगेको कारण अनलाइन सेवा लगायत सूचना र प्रतिवेदन प्रणालीमा असुविधा परेको हुंदा सूचना तथा संचार मन्त्रालयले दूर संचार सेवा प्रदायक कम्पनीहरु मार्फत कम्तीमा आगामी ६ महिना भित्र सवै स्थानीय तहका वडा केन्द्रसम्म भरपर्दो इन्टरनेट सेवा विस्तार गर्नुपर्ने, गराउने सुनिश्चितता गर्नुपर्ने ।

८) अझै ४७ वटा स्थानीय तहहरुको केन्द्र सडक संचालनमा नजोडिएको र जोडिएका केन्द्रहरुसम्म पनि बाह्रै महिना यातायात संचालन हुने अवस्था नरहेको हुंदा कम्तीमा आगामी तीन वर्ष भित्र सवै स्थानीय तहका केन्द्रसम्म वाह्रै महिना यातायात संचालन हुने गरी सडक संजाल विस्तार गर्न कार्ययोजनासाथ कार्यक्रम संचालन गर्नुपर्ने ।

९) पूर्वाधार विकास निर्माण द्रुतगतिमा अघि वढाउन भारी उपकरणको प्रयोगको आवश्यकता भए पनि वातावरणीय पक्षलाई विचार नगरी भारी उपकरण प्रयोग गर्न स्थानीय तह उद्यत रहेकोले नियमन तथा सहजीकरण गर्न आवश्यक देखिएको हुंदा नेपाल सरकारले स्थानीय तहको आवश्यकतानुसार वस्तुगत सहयोगको रुपमा भारी उपकरण लिई स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने र ती उपकरणको संचालन, व्यवस्थापन देहाय वमोजिम उपयुक्तता र आवश्यकतानुसार गर्नुपर्ने : (क) नाफारहित कम्पनीको रुपमा (ख) सार्वजनिक निजी साझेदारीको अवधारणावाट (ग) साझेदारी वा संयुक्त व्यवस्थापनद्धारा र (घ) एकल व्यवस्थापनद्धारा

### ७.७ कृषि विकास मन्त्रालय

१) सवै स्थानीय तहवाट चालू आ.व.मा परियोजना संचालनका लागि वजेट विनियोजन नभएको।

२) परियोजनाको आधारशिलाको रुपमा रहेका पकेट र व्लकहरुमा आगामी आ.व. को वजेट विनियोजन गर्दा वित्तीय समानीकरण अन्तर्गत नराखी सशर्त अनुदानको रुपमा विनियोजन हुनुपर्ने।

### ७.८ वन तथा भू-संरक्षण मन्त्रालय

१) वर्षेनी वढ्दै गईरहेको मानव वन्यजन्तु द्वन्द्वको कारणले मानवीय क्षति, पशुधन, घरगोठ, भण्डार तथा वालीनालीको नोक्सानी र वन्यजन्तु उद्धार एवम् वाढी, पहिरो, नदी कटान र वन डढेलो जस्ता आकस्मिक विपदवाट हुने हानी नोक्सानीलाई व्यवस्थापन गर्नकालागि वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत वार्षिक रु. ५० करोडको आकस्मिक वजेट व्यवस्था गर्नुपर्ने ।

२) देशमा एक लाख हेक्टरभन्दा वढी वनक्षेत्र अतिक्रमणमा परेको सन्दर्भमा देशको कूल वनक्षेत्र घट्न नदिने राज्यको नीति, जलवायु परिवर्तन न्यूनीकरण एवं जैविक विविधता संरक्षणका लागि अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन र देशको भौगोलिक तथा भौगर्भिक अवस्था अनुकूल वन संरक्षणको महत्व र यस क्षेत्रवाट राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउनु पर्ने योगदानलाई मध्यनजर गर्दै वनक्षेत्र अतिक्रमण नियन्त्रण गर्न तथा अतिक्रमित क्षेत्रमा वन पुनस्थापना गर्न वन अतिक्रमण नियन्त्रण रणनीति २०६७ वमोजिम राष्ट्रिय संकल्प प्रस्ताव पारित गर्नुपर्ने ।

३) वन ऐन २०४९ को दफा ६८ वमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्दा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने र वन क्षेत्र वाहेक अन्य क्षेत्र प्रयोग गर्नुपर्ने अवस्था नभएमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई वन क्षेत्र उपलव्ध गराउने व्यवस्था रहेको तर वातावरण नियमावली २०५४ मा भएको व्यवस्था अनुसार पाँच हेक्टर वन क्षेत्र कटान गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने र पाँच

हेक्टरभन्दा वढी वन क्षेत्र कटान गर्नु परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था भएको । वातावरण नियमावली २०५४ को कारण राष्ट्रिय गौरवको आयोजनालाई माग अनुसारको वनक्षेत्र उपलव्ध गराउन कठिनाई भएकोले वातावरण नियमावली २०५४ संशोधन हुनुपर्ने ।

**७.९ सिंचाइ मन्त्रालय**

१) २०७४ श्रावण २६-२८ आएको वाढी पहिरो नियन्त्रणका लागि आवश्यक वजेट व्यवस्था हुन नसकेको ।

२) ठेक्कापट्टा भई सम्झौता भएको निर्माण कार्यका लागि समेत पर्याप्त वजेट विनियोजन हुन नसकेको ।

३) रानीजमरा सिंचाई आयोजना लगायतमा नदीजन्य निर्माण समाग्री सहजरुपमा आपूर्ति हुन नसकिरहेको ।

४) विनियोजन विधेयक अनुसार भएको ५० लाख, १ करोड र २ करोडको आयोजनाहरुको हस्तान्तरणमा समस्या रहेको ।

५) प्रक्रिया पूरा गरिसकेका रानीजमरा जस्ता रानीजमरा जस्ता राष्ट्रिय गौरवका आयोजनाहरुमा रुख हटाउने कार्यमा लामो समय लागेको ।

६) राष्ट्रिय गौरवको भेरी-ववइ डाइभर्सन र ववई सिंचाइ आयोजनाहरुमा वजेट सुनिश्चितता नभएको ।

७) संघीय र प्रादेशिक संरचनामा यस मन्त्रालयको कार्यक्षेत्रको अन्यौलता रहेको ।

८) भाग १ मा परेका वेरुजू सम्वन्धमा ५/६ वर्षसम्म सार्वजनिक लेखा समितिमा छलफल हुन नसकेको तथा सम्वन्धित कार्यालयवाट प्रमाण कागजात उपलव्ध हुन नसक्दा नियमित हुन नसकी वेरुजू अंक वढ्दै गएको पेश्की वेरूजू सम्वन्धमा पनि समस्या रहेको ।

**७.१० पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

१) गौतमवुद्ध विमानस्थलको निर्माणसँग संलग्न आयोजना निर्देशक नै मुआब्जा वितरण कार्यमा संलग्न हुँदा आयोजना निर्माण कार्य ढिला भएको ।

२) मुलुककै पर्यटन क्षेत्रको मेरुदण्ड एवम् वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा रहेको गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ऋण सहायता उपलव्ध गराउँदै आएको मुख्य दातृ निकाय एशियाली विकास वैकले उक्त विमानस्थलको निर्माण कार्यमा उल्लेखनीय प्रगति हासिल नगरेसम्म सन् २०१७ डिसेम्वरपछि सहायता उपलव्ध नगराउने भनी चेतावनी सहितको जानकारी दिएको ।

३) सम्पदा निर्माण तथा पुनर्निर्माणमा विशेष साइजको काठ लगायत सामग्रीको अभाव रहेको र टिसिएन्ले पनि साइजका काठ उपलव्ध गराउन नसकेको ।

४) मन्त्रालय तथा अन्तर्गत निकाय, आयोजना प्रमुखहरुवाट प्रगति विवरण प्राप्त नहुने र प्राप्त भएपनि समयमै र तोकिएको ढाँचामा नआउने गरेको ।

**७.११ वाणिज्य मन्त्रालय**

१) व्यापार सहजीकरणका लागि विश्व वैंकको सहयोगमा निर्माण हुने National Single Window को दोस्रो चरणको विडिङ्गको कार्य भन्सार विभागवाट भइरहेको उक्त Single Window मा आवद्ध हुने ६२ वटा नेपाल सरकारका विभिन्न निकायहरुका वीचमा आपसमा समन्वय र सहकार्य हुनुपर्ने । प्रस्तुत कार्य तोकिएको समयभन्दा निकै पछि रहेकाले कार्यान्वयन प्रभावकारिता र समन्वय हुनुपर्ने ।

२) काठमाडौंको चोभारमा कन्टेनर फ्रेट स्टेशन र अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीस्थलको निर्माणका लागि वाँकी रहेको केही जग्गा नेपाल सरकारका नाममा कायम गरिदिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिनुपर्ने ।

### ७.१२ आपूर्ति मन्त्रालय

१) पेट्रोलियम पदार्थको भण्डारण क्षमता न्यून रहेकोले कम्तीमा ९० दिनको माग धान्न सक्नेगरी क्षमता वढाउन भइरहेको भण्डारण गृह निर्माणको कार्यमा विलम्व भएको ।

### ७.१३ युवा तथा खेलकूद मन्त्रालय

१) चालू आ.व.मा जिल्लास्तरीय खेलकूद पूर्वाधार निर्माण मर्मत तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि छुट्टिएको रकम अर्थ मन्त्रालयवाट स्थानीय सरकारहरुलाई निःशर्त अनुदानका रुपमा विनियोजन भएको हुंदा गत वर्ष शुरु भई सम्पन्न हुन नसकेका आयोजनाहरु अधूरो रहेको ।

२) खेलकूदको पूर्वाधार विकास तथा अन्य गतिविधिहरु संचालन गर्नका लागि विनियोजित रकम ज्यादै न्यून भएकाले गर्दा आवश्यक कार्यहरु सम्पादन गर्न पटक पटक वजेट माग गर्नुपर्ने स्थिति रहेको ।.

### ७.१४ खानेपानी तथा सरसफाई मन्त्रालय

१) मेलम्ची खानेपानी आयोजनावाट प्रभावित क्षेत्रका वासिन्दाहरुलाई लाभको निश्चित अंश उपलव्ध गराउने सम्वन्धमा र यसवाट अन्य क्षेत्रमा पर्ने प्रभावलाई समेत दृष्टिगत गरी उपयुक्त सुझाव पेश गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने ।

### ७.१५ ऊर्जा मन्त्रालय

१) ठूला निर्माणाधीन आयोजनाहरुको उपकरण ढुवानीका लागि सम्वन्धित सडक कार्यालय र अन्य निकाय वीच समन्वय हुनुपर्ने ।

२) सिन्धुपाल्चोकको लामोसाँघुदेखि दोलखाको सदरमुकाम चरिकोटसम्म करिव ५६ कि.मि. सडकमा स्तरोन्नति र सुदृढीकरणका कार्य माथिल्लो तामाकोशी ज.वि.आ.को लागि ठूला भारवहन भएको उपकरण ढुवानी कार्यलाई समेत हृदयङ्गम गरी गरिनुपर्ने ।

३) थानकोट चापागाउँ भक्तपुर १३२ केभी प्रशारण लाइनको को ९ X ९ मिटर दायाँवाँया पर्ने जग्गाको क्षतिपूर्ति सम्वन्धी समस्या हल गर्नुपर्ने । प्रसारण लाइनको रुट एलाइन्मेन्टसँङ्गै वाहिरी चक्रपथ विकास आयोजनालाई समेत लग्नु उपयुक्त हुने ।

४) ठूला आयोजना तथा प्रसारण लाइन आयोजनाहरुका सन्दर्भमा वन र वातावरण र भूमिसुधार मन्त्रालयको आन्तरिक कार्यविधि सरलीकृत गरिनुपर्ने ।

५) ऐलानी जग्गामा वस्ने व्यक्तिहरुका लागि क्षतिपूर्ति तथा मुआव्जा दिने कानूनी व्यवस्था नभएकाले जग्गाको किसिम परिवर्तन (अव्वल, दोयम, सिम, चाहर, खेत, पाखो) गर्नुपर्ने अबस्था सिर्जना भएको ।

६) सप्तकोशी वहुउद्देश्यीय आयोजना सन्दर्भमा आयोजनाको अध्ययन कार्यका विषयमा राजनीतिक दलहरुको दृष्टिकोण फरक फरक देखिएकाले केन्द्रदेखि स्थानीय स्तरसम्म आयोजनाको वारेमा साझा दृष्टिकोण नितान्त आवश्यक भएको हुंदा राजनैतिक दलहरु वीच साझा सहमति निर्माण गरिनुपर्ने ।

### ७.१६ विज्ञान तथा प्रविधि मन्त्रालय

१) अन्तर्राट्रिय आणविक उर्जा एजेन्सी IAEA को सहयोग अभिवृद्धि गर्न पारमाणविक विधेयक यथाशीघ्र पारित गर्न अति आवश्यक भएको । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालयले उक्त विधेयक व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने कार्यमा सहजीकरण गरिदिने ।

२) वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा विज्ञान संग्रहालय विकास समितिको विद्यमान संरचनाको प्रयोग तथा नयाँ संरचनाको विकास दुवैका लागि वजेट अभाव भएकाले नेपाल सरकारको श्रोत एवम् आवश्यकता अनुसार वैदेशिक श्रोतसमेत जुटाउन अर्थ मन्त्रालयले उक्त विषयलाई प्राथमिकतामा राख्नुपर्ने ।

**७.१७ सूचना तथा सन्चार मन्त्रालय**

१) वाटो निर्माण तथा खानेपानीको पाईप विछ्याउने क्रममा केवुलमा क्षति पुग्न गई टेलिफोन सेवा अवरुद्ध हुने गरेको ।

२) मध्यपहाडी लोकमार्ग तथा सोको आसपासको जिल्ला सदरमुकाम तथा उत्तर-दक्षिण राजमार्ग समेतलाई जोड्ने गरी अप्टीकल फाइवर विस्तार गर्नुपर्ने क्रममा लोकमार्ग, वन, निकुञ्ज तथा आरक्षण क्षेत्रमा अप्टीकल फाइवर जडान गर्न सम्वन्धित निकायवाट सहमति लिन कठिनाई भएको ।

**७.१८ सहकारी तथा गरिवी निवारण मन्त्रालय**

१) गरिवी निवारणसँग सम्वन्धित विभिन्न कोषहरुको सञ्चालन र व्यवस्थापन छुट्टाछुट्टै निकायवाट हुँदा उचित समन्वय हुन नसकी कार्यक्रममा दोहोरोपना आएको ।

२) युवा तथा साना व्यवसाय स्वरोजगार कोष, सहकारी विकास कोष, प्रस्तावित सहकारी प्रवर्द्धन कोष लगायतका विभिन्न कोषको सञ्चालन र व्यवस्थापन चुस्त हुन नसकी सेवा प्रवाह फितलो एवम् अप्रभावकारी भएको ।

**७.१९ राष्ट्रिय विकास समस्या समाधान समितिको वैठकमा प्रस्ताव गर्न समस्या नभएका मन्त्रालयहरुः**

४१ औं राष्ट्रिय विकास समस्या समाधान समितिको वैठकमा निर्णयका लागि अर्थ मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय र उद्योग मन्त्रालयवाट कुनैपनि समस्या प्रस्तुत नभएको ।

## ८. आयोजनाहरुको स्थलगत निरीक्षण

**८.१ आ.व. वर्ष २०७४/७५ मा आयोगका पदाधिकारीको नेतृत्वमा स्थलगत अनुगमन गरिएका विभिन्न आयोजनाहरुको विवरण:**

| सि.नं. | नेतृत्व गर्नुपर्ने पदाधिकारी | अनुगमन मिति | अनुगमन गरिएको कार्यक्रम/आयोजना | अनुगमन गरिएको प्रदेश र जिल्ला | |
|---|---|---|---|---|---|
| १ | मा. उपाध्यक्ष डा. स्वर्णिम वाग्ले | २०७४ पौष १७ | मेलम्ची खानेपानी आयोजना | प्रदेश नं. ३ | सिन्धुपाल्चोक |
| २. | मा. डा. प्रभु वुढाथोकी, | २०७४ भाद्र ७ देखि ८ गतेसम्म | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना | प्रदेश नं. २ | वारा |
| ३. | मा. डा. प्रभु वुढाथोकी, | २०७४ भाद्र २० देखि २२ सम्म | कृषि मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमहरु | प्रदेश नं. १ | झापा र इलाम |
| ४. | मा. डा. गोविन्दराज भट्ट | २०७४ कार्तिक २३ देखि २६ गतेसम्म | नारायणघाट - मुग्लिन सडक आयोजना | प्रदेश नं. ३ | |
| ५. | का.नि. महेश खरेल | २०७४ श्रावन १५ देखि १९ सम्म | व्यावसायिक कृषि तथा व्यापार आयोजना | प्रदेश नं. १ | मोरङ र झापा |

**८.२ स्थलगत अनुगमनवाट देखिएका समस्या तथा समाधानका लागि सुझावहरु:**

**१) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनामा वाढीवाट पुगेका क्षतिको अनुगमन**

समस्याहरु:

- वाढीवाट वारा जिल्लाको ११,१६० हेक्टर धानखेतीयोग्य जग्गामा क्षति पुगेको ।
- माछापालन गरिएको ३०० हेक्टर क्षेत्रमा वाढीवाट क्षति पुगेको ।
- वाढीवाट तरकारी खेती गरिएको ७,४४० हेक्टर जग्गामा क्षति पुगेको ।

सुझावहरु:

- भविष्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नुपर्ने ।
- तराईमा विपद् पूर्व सचेतना प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- अनुदान सहितको गहुँको विउ र तरकारीको विउ राहतको रुपमा तत्काल उपलव्ध गराउने ।
- बाढीलाई प्रतिरोध गर्न सक्ने जातको धानखेतीलाई प्रवर्द्धन गर्नुपर्ने ।
- कृषि विमालाई कृषि व्यववायको अभिन्न अंगको रुपमा कृषकले अंगीकार गर्नुपर्ने वातावरण निर्माण गर्नुपर्ने ।

**२) कृषि मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमहरुः**

क)  सुपरजोन कार्यान्वयन इकाई (धान) वनियानी झापाः

समस्याहरुः

- साना तथा अधिया कृषकहरुको वढी संलग्नता रहेको तर कृषि पेशामा जग्गाधनीको संलग्नता कम रहेको,
- केवल निर्वाहमुखी कृषि प्रणाली हुनाका साथै कृषिमा व्यावसायीकरण यथेष्ट रुपमा हुन नसक्नाले कृषि उत्पादन र उत्पादकत्वमा निकै कमी देखिएको,
- उत्पादित कृषि उपजको उचित वजार व्यवस्था नहुनु, सक्रिय जनशक्ति विदेश पलायन हुनाले पनि कृषि उत्पादनमा वढ्दो उत्पादन लागत देखिएको, जलवायु परिवर्तनको केही नकारात्मक प्रभाव महशुस भएको ।
- जग्गाको वढ्दो खण्डीकरण र घडेरीकरणले गर्दा उर्वर कृषि भूमिमा ह्रास आउनुका साथै उत्पादकत्वमा कमी आएको,
- ग्रामीण तथा पूर्वाधारहरुको अभावले गर्दा उत्पादनका सामग्रीहरुको पर्याप्त आपूर्ति तथा विक्री वितरणमा समस्या हुने गरेको ।
- अनुसन्धान, शिक्षा र प्रसारको कमीले गर्दा पनि विषादीको सुरक्षित प्रयोगवारे जानकारीको अभाव देखिएको

सुझावहरुः

- परियोजनाका तर्फवाट समाधान हुन नसक्ने समस्या र सोको समाधानका लागि आवश्यक हुने श्रोत, साधन र समन्वयमा जोड दिनुपर्ने ।

ख) झापास्थित Custom Hiring Center:

समस्याहरुः

- महिलामैत्री यन्त्रहरुको आवश्यक व्यवस्था नभएको र कृषि उत्पादन र उत्पादकत्वमा महिलाको सहभागिता न्यून रहेको ।

सुझावहरुः

- कृषिको व्यवसायी र औद्योगीकरणका लागि यस्ता सेन्टरहरु र पोष्ट हार्भेष्ट सेन्टरको स्थापना गरी कृषि क्षेत्रमा बढ्दो लागत र आयातमा न्यूनीकरण गर्नुपर्ने ।

ग)  गोरखा टी र इलामेली चिया उत्पादक संस्था, फिक्कल इलामः

समस्याहरुः

- नेपालको अर्गानिक चियाको विश्व वजार राम्रो भएको सन्दर्भमा सरकारले निजी चिया उत्पादनहरुलाई विशेष सहयोग गर्नु आवश्यक भए तापनि सहयोग प्राप्त हुन नसकेको ।
- निजी चिया उत्पादकहरुलाई पनि सरकारले विशेष सहयोग गर्नुपर्ने ।
- चिया उद्योगमा कार्यरत कामदारहरुलाई उचित मूल्य नदिएको ।
- चिया विस्तार आयोजनावाट किसानहरुलाई राम्रो सेवा उपलव्ध नभएको ।

सुझावहरु:

- कफि चिया उद्योगलाई अर्ग्यानिक बनाउनुपर्ने ।
- किसानले उत्पादन गरेको हरियो पत्तिको उचित मूल्य निर्धारण गर्नुपर्ने ।

घ) पूर्वाद्ध डेरी उद्योग

समस्या तथा सुझाव:

- झापाको अर्जुनधारा नगरपालिकामा संचालनको रहेको यस उक्त क्षेत्रमा पनि सुपारी जोन स्थापना गर्न आवश्यक रहेकोले यसलाई छिट्टै कार्यान्वयन लैजान आवश्यक रहेको ।

**३) व्यावसायिक कृषि तथा व्यापार आयोजना**

समस्याहरु:

- डायमण्ड एग्रिकल्चर एण्ड रिसर्च सेन्टर प्रा.लि. झापामा वजारको माग अनुसार सुँगुरको मासु उत्पादन गर्न नसकेको ।
- वधशालाको लागि मेशिन जडान कार्य शुरु गर्न नसकिएको ।
- पूर्वाद्ध कृषि सहकारी संस्था लि.ले दुग्धजन्य पदार्थको उत्पादन तथा विक्री वितरण समेत गर्नुपर्ने भनिएकोले तत् सम्वन्धमा अनुभव र ज्ञान नभएका मानिसहरु संलग्न भएमा जोखिम हुने संभावना रहेको ।

सुझावहरु:

- उप-आयोजनाहरु संचालन गर्नुपर्ने उद्यमीहरुको प्राविधिक ज्ञान र दक्षता अभिवृद्धि तथा परामर्श सेवा उपलव्ध गराउनु आवश्यक देखिएको ।
- कृषि उद्यमीहरुलाई अनुदान भन्दा सहुलियतपूर्ण ऋण उपलव्ध गराउनमा जोड दिनुपर्ने ।

**४) नारायणघाट - मुग्लिन सडक आयोजना**

समस्याहरु:

- आयोजना कार्यान्वयनमा सामान्य प्रशासन समूहको नायव सुव्वा दरवन्दी लामो समयदेखि रिक्त भएको हुँदा दोश्रो चरणको मुआव्जा वितरण लगायत अन्य प्रशासनिक कार्यमा अवरोध उत्पन्न भएको ।
- आयोजना कार्यान्वयनको समयसीमाको म्याद थप गरिएको भएतापनि थपिएको म्याद अनुरुप पनि लक्ष्य अनुसारको प्रगति नभएको ।
- तीनवटै प्याकेजका ठेकेदार कम्पनीका प्रतिनिधिहरुसंग भएको छलफलमा आयोजनाको काम विविध कारणले अझै पनि समयमा सक्न कठिनाई भएको जानकारी अनुगमन टोलीसमक्ष गराइएको भएतापनि विद्यमान वाधा अड्चन हटाई समयमै काम सम्पन्न गर्न निर्देशन भएको ।
- साँघुरा घुम्तीहरुमा लामा र अधिक भार वोक्ने सवारी साधन गुड्नु, लेन अनुशासनको उल्लघंन, साँघुरो पूल तथा सडक अनि ठूला सवारी साधनले गर्दा आयोजनाको कार्यमा वाधा उत्पन्न भएको ।
- जलविरेदेखि कालीखोला पहिरोको बढी संभाव्य जोखिम सम्भावित क्षेत्र रहेको । साथै टोपे खोलाको पहिरो र कालीखोलाको पहिरो पनि प्रमुख वाधकका रुपमा रहेको ।
- स्थानीय रोजगार सृजनामा मद्दत नै पुर्याएको पाइयो तर सीप नचाहिने कार्यमा मात्र उपयोग भएको र आधुनिक मेशिनरी, औजार र प्रविधिको ज्ञान हस्तान्तरण गर्नुपर्ने गरी तालीम प्रदान नभएको ।

सुझावहरु:

- राजधानीलाई अन्य भूभागसंग जोड्ने एक प्रमुख मार्ग भएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारको निम्ति समेत एक महत्वपूर्ण आयोजना भएकोले सडक स्तरोन्नतिका कार्य हुँदा आवागमनको विकल्प पहिचान गरेर कार्य अघि वढाइन उपयुक्त हुने ।

- सवारी चापलाई व्यवस्थापन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ट्राफिक प्रहरी र सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुले सवारी आवागमन निषेधको उपयुक्त समय निर्धारण गरी सडक विस्तारको कार्यलाई सहजीकरण गर्नुपर्ने ।

- भीर कटान कार्यमा स्लोप निर्धारण गर्दा भविष्यमा कुनै पनि दुर्घटना र अप्ठ्यारो परिस्थिति उत्पन्न नहुने गरी गर्नुपर्नेमा सो गरेको नपाइएकोले यस विषयमा सडक विभागले समेत कडाइकासाथ निर्देशन हुन आवश्यक देखिन्छ ।

- स्थलगत अनुगमन तथा निरीक्षणवाट आवश्यक निर्देशन भए तापनि काममा ढिलासुस्ती गरेको पाइएको सरोकारवाला निकायले यस विषयमा सावधानी अपनाउनु आवश्यक देखिन्छ ।

- आयोजना सम्पन्न भइसकेपछि पनि यस सडक खण्डमा रहेका १८ वटा पूलहरु विस्तारित सडकका तुलनामा अत्यन्त साँघूरा हुने भएकाले आवागमनमा कठिनाई सृजना भई ट्राफिक व्यवस्थापनमा असहजता हुने भएकाले यथाशीघ्र विस्तार वा निर्माणको कार्यमा सडक विभागले अग्रसरता देखाउन आवश्यक रहेको ।

- भविष्यमा पहिरोजन्य प्रकोप नियन्त्रणका लागि भएको वायो इन्जीनियरिङसम्वन्धी कार्यमा सरोकारवालाहरुको ध्यान पुग्नुपर्ने ।

**५) मेलम्ची खानेपानी आयोजना:**

समस्या:

- राजनीतिक संक्रमणकाल लगायतका कारण जग्गा प्राप्ति र सहायक पूर्वाधार निर्माणमा लामो समय (२००१ देखि २००९) लागेको ।
- समय समयमा हुने स्थानीय अवरोध एवं स्थानीय वासिन्दाका मागहरु बढेको ।
- पुरानो ठेक्का तोडी नयाँसंग ठेक्का सम्झौता गर्न थप समय लागेको ।
- ठेक्का सम्भौताकर्ताको कमजोर नगद प्रवाह (NC: EURO Ratio 28:72) रहेको ।
- आयोजना प्रमुखहरुको छिटो छिटो सरुवा भैरहनु (२०५६ साल देखि हालसम्म १० पटक) ।

सुझावहरु:

- आयोजनालाई छिटो सम्पन्न गर्न ग्याल्थुम सिन्धु खण्डको सुरुङ निर्माण कार्य पूरा गर्नुपर्ने । साथै, बाँकी २४.५ कि. मी. सुरुङको निर्माण एवम् भेन्टिलेसन साफ्टस्को निर्माण कार्य यथाशक्य चाँडो सम्पन्न गनपर्ने ।

- हाललाई मुहानबाट डि.आइ. पाइपमार्फत सुरुङमा खानेपानी पठाउने अस्थायी व्यवस्थाको लागि हेडवर्क्सको निर्माण कार्य यथाशिघ्र छिटो सम्पन्न गर्नुपर्ने

- आयोजना संचालनका समयमा टनेल सर्भेलियन्स सिस्टममा आउन सक्ने जटिलताहरुलाई न्यूनीकरण गर्न उचित प्रविधि एवं दक्ष प्राविधिक जनशक्ति परिचलन गर्नुपर्ने ।

- वैदेशिक ऋणमा निर्माण गरिएको आयाजना हुनाले ऋण तिर्ने प्रयोजनको लागि समेत खानेपानीको उचित शुल्क निर्धारण हुनुपर्ने ।

- आयोजना दोश्रो चरण अन्तर्गत याङ्री र लार्के खोलाबाट १७/१७ करोड लिटर प्रतिदिन प्राप्त हुनसक्ने संभाव्यता भएकोले सो आयोजना यथाशिघ्र अगाडि बढाउनुपर्ने ।

## ९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण

| क्र.स. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | २०७४/०९/१२ |
| २. | आपूर्ति मन्त्रालय | २०७४/०९/०६ |
| ३. | उद्योग मन्त्रालय | २०७४/०९/११ |
| ४. | उर्जा मन्त्रालय | २०७४/०९/१३ |
| ५. | कृषि विकास मन्त्रालय | २०७४/०९/१२ |
| ६. | खानेपानी तथा सरसफाई मन्त्रालय | २०७४/०९/०५ |
| ७. | गृह मन्त्रालय | २०७४/०९/१६ |
| ८. | जनसंख्या तथा वातावरण मन्त्रालय | २०७४/०९/०७ |
| ९. | पशुपंक्षी विकास मन्त्रालय | २०७४/०९/०६ |
| १०. | वन तथा भू-संरक्षण मन्त्रालय | २०७४/०९/११ |
| ११. | वाणिज्य मन्त्रालय | २०७४/०९/११ |
| १२. | विज्ञान तथा प्रविधि मन्त्रालय | २०७४/०९/०७ |
| १३. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २०७४/०९/११ |
| १४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७४/०९/०७ |
| १५. | महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय | २०७४/०९/०७ |
| १६. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०७४/०९/०७ |
| १७. | सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७४/०९/११ |
| १८. | सूचना तथा संचार मन्त्रालय | २०७४/०९/१३ |
| १९. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७४/०९/११ |
| २०. | सामान्य प्रशासन मन्त्रालय | २०७४/०९/०५ |
| २१. | सिंचाई मन्त्रालय | २०७४/०९/०९ |
| २२. | स्वास्थ्य मन्त्रालय | २०७४/०९/०७ |
| २३. | शहरी विकास मन्त्रालय | २०७४/०९/१२ |
| २४. | शिक्षा मन्त्रालय | २०७४/०९/०९ |
| २५. | शान्ति तथा पुननिर्माण मन्त्रालय | २०७४/०९/०७ |
| २६. | श्रम तथा रोजगार मन्त्रालय | २०७४/०९/०९ |
| २७. | युवा तथा खेलकूद मन्त्रालय | २०७४/०९/०७ |
| २८. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २०७४/०९/०४ |
| २९. | राष्ट्रिय योजना आयोगको सचिवालय | २०७४/०९/१७ |